मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ३० ★ ने. सं. ११४४ शिल्ला थ्व, त्रयोदशी ★ बिहीबार ★ १० फागुन, २०८० ★ February 22, 2024, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## कृषिमा प्राथमिकतामा परेको नेपालमा दाल, चामल र तरकारी भारतबाट आउने !




भक्तपुर, ९ फागुन । नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको २४ औं, ख्वप कलेजको २२ औं, शारदा क्याम्पस माविको ३३ औं र ख्वप कलेज अफ लको प्रथम वार्षिकोत्सव कार्यक्रमको उद्घाटन बुधबार भव्य समारोहबिच कलेज प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै सांसद सुवालले राजनीतिक नेताहरू स्वअनुशासनमा नबसेसम्म देश विकास नहुने स्पष्ट पार्दै भन्नुभयो, "चीनका नेताहरूमा स्वअनुशासन छ । सन् २०२४ नयाँ वर्षको शुभकामना दिँदै चीनका राष्ट्रपति सि चिनफिङले चीनमा २० वर्षदेखि कृषि उत्पादन बढेको बताउनुभयो । अमेरिकी राष्ट्रपति बाइडेनसँगको भेटवार्तामा सिले चीनका जनता गरिबीबाट मुक्त भएको बताउनुभयो । नेपालका ८० लाख युवाहरू वैदेशिक रोजगारीमा पठाइएको हुँदा खेतीपाती बाँझो छ ।"

उहाँले भन्नुभयो, "नेपालको अर्को प्राथमिकता शिक्षा हुनुपर्छ । शिक्षामा गरिएको कामबाट जलविद्युत् उत्पादन, खनिज, वन, रोजगारी, स्वाथ्य, उद्योग, व्यापार र पूर्वाधार विकासमा मद्दत पुग्नेछ । सरकारले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्नु जरूरी छ । २०७२ सालको भूकम्पपछि जिल्ला जिल्लामा विद्यालय भवनहरू बने । तर, सहरतिर बसाइँसराइ बढेको हुँदा बनेका विद्यालय भवनमा अध्ययन गर्ने विद्यार्थी १०-२० जनामात्र छन् ।"

सरकारले १२ कक्षा उत्तीर्ण विद्यार्थीलाई परिवारको घर खेत बेच्न लगाएर विदेश अध्ययनमा पठाएको पनि देशको हितमा नभएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "संसद्मा ख्वप विश्वविद्यालय र नेपाल विश्वविद्यालयको चर्चा छ । भक्तपुर नगरपालिकाबाट स्थापना हुने ख्वप विश्वविद्यालयको विधेयक २०७३ सालमै सांसदहरूलाई वितरण भइसकेको थियो । २०७४ सालको चुनावपछि यो विधेयकलाई निष्क्रियमा पुऱ्याइयो ।

बाँकी पृष्ठ २ मा

## शासकहरूको अकर्मण्यताले गरिब जनताको दुःख ज्यूँका त्यूँ

भक्तपुर, ९ फागुन । सहिद राजकुमार स्मृति पुस्तकालयको ३३ औं वार्षिकोत्सव, सहिद स्मृति सभा, सम्मान तथा सांस्कृतिक कार्यक्रम मङ्गलबार साँझ सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले २००७, २०४६, २०६२/६३ मा भएको जनआन्दोलनमा कैयौं सहिदहरूले सहादत्त प्राप्त गरे पनि सहिदहरूको सपना साकार हुन नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो । सरकारमा गएका पार्टी र नेताहरूको अकर्मण्यताले गरिब जनताको दुःख ज्यूँका त्यूँका रहेको उहाँले जिकिर गर्नुभयो । कृषिप्रधान देश नेपालमा दाल, चामल र तरकारी भारतबाट आयात गरिरहनु परेको विचार व्यक्त गर्दै उहाँले देशको कृषि क्षेत्र सुधार गर्न सके खाद्य वस्तुमा आत्मनिर्भर हुने विश्वास गर्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका नारायणबहादुर दुवालले ठुला पार्टीहरूले भारतीय एकाधिकार पुँजीको पक्षको वकालत गरिरहेको र कामदार जनताको सरकार नआएसम्म देशले दुःख भोग्नुपर्ने बताउनुभयो । जनताको हितमा काम गर्न नसक्नेहरूको पतन अवश्यम्भावी रहेको धारणा पनि उहाँले राख्नुभयो । दत्तचित्त भएर जनताको हितमा काम गर्दै जानुपर्ने औचित्यतामाथि उहाँले प्रकाश पार्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले कम्युनिस्ट विचार र सिद्धान्तअनुसार नै नेमकिपाले काम गरिरहेको र नयाँ पुस्तालाई अग्रसर गरी देशको हितमा लाग्ने काम सरकारले गर्दै जानुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा युवा कवि दामोदर सुवालले विद्यार्थी जीवनमा पुस्तकालयमा गई अध्ययन गरेर नयाँ कुराहरूको अध्ययन गर्ने मौका मिले कविता लेख्ने प्रेरणा मिलेको जानकारी गराउनुभयो । भावी पुस्तालाई पनि अध्ययनमा रुची राखी अध्ययन गर्ने बानी बसाल्न सके जीवन सफल हुने धारणा पनि उहाँले राख्नुभयो ।

भक्तपुर नगरपालिका स्वास्थ्य

बाँकी पृष्ठ ८ मा

## अन्तर्राष्ट्रिय पथप्रदर्शक दिवसको अवसरमा उत्कृष्ट पथप्रदर्शक सम्मानित




भक्तपुर, ९ फागुन । भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिले ३५ औं अन्तर्राष्ट्रिय पथप्रदर्शक दिवस २०८० को अवसरमा प्रवचन तथा प्रशंसा वितरण कार्यक्रम आयोजना गरेको छ ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा सांसद सुवालले उत्कृष्ट पथप्रदर्शकहरूलाई सम्मान गर्नुभयो ।

कार्यक्रममा सांसद सुवालले एकपटक भक्तपुर घुमेर फर्केका पर्यटकहरूलाई दोहोऱ्याई तेहऱ्याई भक्तपुर

बाँकी पृष्ठ ८ मा

हार्दिक बधाई एवं शुभकामना


श्री कृष्णसुन्दर प्रजापति


बालकृष्ण बनमाला


रोजिना बनमाला

यस ख्वप्रिङ इङ्गलिश एकेडेमी (सेकेण्डरी) का संस्थापक तथा प्रबन्धक **श्री कृष्णसुन्दर प्रजापति** नेपाल स्काउटको राष्ट्रिय परिषद्को सदस्यमा निर्विरोध निर्वाचित तथा विद्यालयको स्काउट मास्टर **बालकृष्ण बनमाला** भक्तपुर नगरपालिका स्थानीय स्काउट परिषद्को नगर आयुक्त तथा शिक्षिका **रोजिना बनमाला** भक्तपुर नगरपालिका स्थानीय स्काउट परिषद्को सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**ख्वप्रिङ्ग इङ्गलिश एकेडेमी (सेकेण्डरी)**
लिबाली-९, भक्तपुर



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बुधबार भएको ख्वप माध्यमिक विद्यालयको २४ औं, ख्वप कलेजको २२ औं, शारदा क्याम्पस माविको ३३ औं र ख्वप कलेज अफ लको प्रथम वार्षिकोत्सव कार्यक्रममा सहभागीहरू ।

*तस्बिर : मजदुर दैनिक*

# सहिदहरूको स्मरणमा गोल्मढीमा प्रवचन

भक्तपुर, ९ फागुन । भक्तपुर नगरपालिका वडा नं. ७ को वडा कार्यालय र सहिद स्मृति पुस्तकालय गोल्मढीको आयोजनामा सहिदहरूको स्मरणमा मङ्गलबार प्रवचन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले शान्तिपूर्ण प्रदर्शनमा गोली चलाएर पञ्चायती सरकारले नृशंस दमन गरी नेमकिपालाई खतम गर्ने चाल चालेको बताउनुभयो ।

सहिदहरको बलिदानबाट सरकारमा गएका ठुला र शासक दलका नेताहरूले गणतन्त्र स्थापनापछि पनि बहुमत जनताको पक्षमा काम नगरेको उल्लेख गर्दै उहाँले पुँजीवादी व्यवस्था अन्त्य गरी जनताको प्रजातन्त्र हुँदै समाजवादी व्यवस्था स्थापना गर्न सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

साबिक वडा नं. ६ का पूर्ववडाध्यक्ष कृष्णगोविन्द खाइजुले नेमकिपाले पञ्चायती व्यवस्थाविरूद्ध कानुनी र गैरकानुनी सङ्घर्ष गर्दै आएको उल्लेख गर्दै नेपालको शासन विदेशी शक्ति राष्ट्रहरूको चाहनाअनुसार चलेको कारण जनताले दु:ख पाइरहेको बताउनुभयो ।

भनपा वडा नं. ७ का वडा सदस्य हेरा ख्याजुले सहिदहरूको बलिदानबाट प्राप्त प्रजातन्त्रमा सहिदका परिवारको कष्टपूर्ण जीवनप्रति वास्ता नगरी शासक दलहरूले ऐय्यासी जीवन बिताइरहेको बताउनुभयो ।

सहिद स्मृति पुस्तकालयका अध्यक्ष नारायणप्रसाद मचामसी, बद्रीराम छुस्याबाग र रत्नवीर किसीले सहिदहरूको योगदान र घाइते योद्धाहरूको स्थितिबारे जानकारी दिनुभयो ।

***कृषिमा...***

२०७९ को चुनावपछि यो विधेयक ल्याउन संसद्मा हामीले बारम्बार उठायौँ । अहिले शिक्षा मन्त्रालयले ख्वप विश्वविद्यालयको विधेयकलाई अन्तिम रूप दिएको छ । यो विधेयक ऊँट बन्ने गरी संसद्बाट पारित हुनु हुँदैन । भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएका ७ वटा शैक्षिक संस्थानबाट देशभरिका ४१ हजार विद्यार्थीले अध्ययनको अवसर पाएका छन् ।"

सांसद सुवालले भन्नुभयो, "बङ्गलादेशका २८ प्रतिशत युवामाझ विश्वविद्यालयमा भर्ना हुने गरेको बताइन्छ । त्यहाँ १६० विश्वविद्यालय भएको र ११२ मेडिकल कलेज भएको बताइन्छ । इथोपियामा नेपालको दुई गुणा जनसङ्ख्या छ तर ७० वटा विश्वविद्यालय छन् । यो अनुपातमा नेपालमा विश्वविद्यालय पुग्दो छैन । संसारमा सहरी विश्वविद्यालय सञ्चालनमा छन् । ख्वप विश्वविद्यलाय पनि सहरी विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने भक्तपुर नगरपालिकाको तयारी हो । नेपालमा पनि १५ प्रतिशत युवामात्र विश्वविद्यालयमा पुगेका छन् । अर्थात् नेपालमा पनि विश्वविद्यालयको सङ्ख्या पुगेको छैन ।"

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गर्न सरकारहरूको ध्यानाकर्षण गराउँदै छ । राणा शासनले शिक्षा रोक्न सकेन । अन्तत: त्रिचन्द्र कलेज, पद्मोदयलगायत शैक्षिक संस्था खोल्न राणा शासकहरू बाध्य भए । बहुदल र गणतन्त्र दाबी गरेका अहिलेका सरकारहरूले ख्वप विश्वविद्यालयलाई रोक्न सक्नेछैनन् । हाम्रो विश्वविद्यालयमा सबै किसिमको स्नातक तह अध्ययन गर्ने विद्यार्थीहरूलाई इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र, अर्थशास्त्र, कानुन, पत्रकारिता, अन्तर्राष्ट्रिय सम्बन्धलगायत विषयसमेत अध्ययन गराई प्रतिस्पर्धी बनाउनु जरूरी छ ।"

कार्यक्रमका सभापति, कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले ख्वप विश्वविद्यालय विधेयक संसद्बाट पारित गराउन आवश्यक पहल गरिरहेको जानकारी दिँदै भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाहरू बन्द र हडतालबाट मुक्त रहेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य उपचार, खाद्यान्नदेखि हरेक वस्तुमा विदेशनिर्भर हुँदै गएको बताउँदै उहाँले विद्यार्थीहरूलाई आत्मनिर्भरताको पाठ सिकाउनुपर्नेमा जोड दिनुभयो ।

अमेरिका युद्ध गराएर हतियार बिक्री गर्ने देशको रूपमा अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले न्यायप्रेमी नेपालीले अमेरिकी साम्राज्यवादको विरोध निरन्तर गरिरहने बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले शैक्षिक क्षेत्रको विकास र उन्नयनमा भक्तपुर नपाबाट सञ्चालित ख्वप सर्कलअन्तर्गतका कलेजहरूले शैक्षिक प्रकाशस्तम्भको रूपमा काम गरिरहेको बताउनुभयो ।

उहाँले नेपालमा वैदेशिक ऋणको भार बढ्दै छ, देश आर्थिकरूपमा टाट पल्टिने अवस्थामा रहेको स्पष्ट पार्दै ख्वपले जनतामाझ चेतनाको बीउ छर्ने काम गरिरहेको बताउनुभयो ।

समाजको तल्लोवर्गको सेवा गर्ने पवित्र उद्देश्यले जन्मेको ख्वपले देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गरी सेवा गरिरहेको विचार व्यक्त गर्दै सांसद गोसाईले देशको भविष्य शिक्षक, बुद्धिजीवी र विद्यार्थीहरूको हातमा रहेको बताउनुभयो ।

कर्णाली प्रदेशको १ सय ५७ भन्दा बढी विद्यालयमा १० जनाभन्दा कम विद्यार्थी सङ्ख्या हुनुमा देशमा असन्तुलित विकास र बसाइँसराइ प्रमुख कारण भएको बताउँदै उहाँले यसले देशमा विकराल समस्या निम्त्याइरहेको प्रस्ट पार्नुभयो ।

रुसलाई समाप्त पार्ने र चीनलाई घेर्ने रणनीति बनाएको अमेरिका आज आफैँ हारको सङ्घारको रहेको बताउँदै उहाँले प्यालेस्टिनी जनताप्रति न्यायप्रेमी जनताको सधैँ ऐक्यबद्धता रहने धारणा राख्नुभयो ।

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष एवम् भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले देश र जनताको सेवालाई केन्द्रबिन्दुमा राखी नेमकिपाबाट निर्वाचित जनप्रतिनिधिले काम गर्दै आएको प्रकाश पार्दै ख्वप सर्कलले समाजलाई बुद्धिजीवीकरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायका डीन प्रा.डा. कुसुम शाक्यले सबै क्षेत्रमा महिलाहरूको सहभागिता उल्लेख्य रहेको चर्चा गर्दै महिलालाई शिक्षित र सचेत पार्नु आजको आवश्यकता भएको बताउनुभयो ।

भक्तपुर नपाको ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य छिट्टै साकार हुने विश्वास राख्दै उहाँले जनतालाई सुलभ र गुणस्तरीय सेवा प्रदान गर्न विश्वविद्यालयहरू प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

विश्वविद्यालय अनुदान आयोगका निर्देशक लालप्रसाद आम्गाईले विश्वविद्यालयले अध्ययन र अनुसन्धानमा जोड दिनुपर्ने बताउँदै रोजगारीमूलक शिक्षा आजको आवश्यकता भएको स्पष्ट पार्नुभयो । उहाँले विश्वविद्यालय अनुदान आयोगले गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई एमफिल र विद्यावारिधि अध्ययन गर्न छात्रवृत्तिको लागि अनुदानको व्यवस्था गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, जिल्ला प्रशासन कार्यालयका प्रमुख प्रशासकीय अधिकृत अशोककुमार पोखरेल र ख्वप कलेजका अङ्ग्रेजी शिक्षक कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले सम्बन्धित कलेजहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

वार्षिकोत्सव अवसर पारेर कलेजले ख्वप कलेज र ख्वप माविमा अविच्छिन्नरूपमा दस वर्ष सेवा पूरा गरेका शिक्षक तथा कर्मचारीहरूलाई कदरपत्रका साथ सम्मान गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले वार्षिकोत्सवको अवसरमा आयोजित अतिरिक्त क्रियाकलापका विजेताहरूलाई मेडल र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

वार्षिक उत्सव कार्यक्रमको अवसरमा बिहीबार शैक्षिक प्रदर्शनी हुने आयोजक विद्यालय/कलेजले जनाएको छ ।

# वार्षिकोत्सवको अवसरमा वागीश्वरीका विद्यार्थी सरसफाइमा



भक्तपुर, ९ फागुन । वागीश्वरी माविको ६५ औँ वागीश्वरी कलेजको १६ औँ र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको प्रथम वार्षिकोत्सवको अवसरमा बुधबार च्याम्हासिंह र कमलविनायक क्षेत्रमा सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

सरसफाइ कार्यक्रम विद्यालय र कलेजका शिक्षक विद्यार्थीहरूको उल्लेख्य सहभागितामा विद्यालय प्राङ्गण, च्याम्हासिंह पोखरी, विद्यालय तथा कलेज वरपरका सडक, पेटी, बगैँचालगायतका क्षेत्रमा सम्पन्न भएको हो । सामाजिक उत्तरदायित्वको भावनालाई प्रोत्साहित गर्न मानविकी, शिक्षा, टेक्स तथा व्यवस्थापनका विद्यार्थीहरू उक्त कार्यक्रममा सहभागी भएका थिए ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा फागुन १० गते बिहान १० बजे कमलविनायक परिसरमा सम्पन्न हुने वार्षिकोत्सव कार्यक्रममा शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम हुने वागीश्वरी प्रशासनले जनाएको छ ।

# नेपाल र जर्मनीका कलाकार सहभागी

काठमाडौँ, ९ फागुन । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान नक्सालमा नेपाल र जर्मनीका कलाकारले तयार पारेका चित्रकलाको अन्तरराष्ट्रिय कला प्रदर्शनी सुरू भएको छ । प्रतिष्ठानमा गएको माघ २२ र २३ गते आयोजित 'अन्तर्राष्ट्रिय कला कार्यशाला २०२४' बाट सिर्जित कलाकृतिको साताव्यापी प्रदर्शनी सुरू भएको हो । प्रदर्शनी फागुन १४ गतेसम्म रहने छ ।

'कनेक्टिङ कल्चर थ्रु आर्टस्' शीर्षकमा सुरू भएको प्रदर्शनीमा नेपाल र जर्मनीका ४३ कलाकारको सिर्जना समावेश गरिएको छ । जसमा १० जना विदेशी कलाकार सहभागी भएका छन् । प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले यस कार्यक्रमले नेपाल र जर्मनीबिचको सम्बन्ध अझ प्रगाढ बढाउने बताउनुभयो ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य सञ्जय वान्तवा राईले दुई देशबिचको सम्बन्धलाई बलियो बनाउन आयोजित कला कार्यशाला र प्रदर्शनी लक्षित उद्देश्य प्राप्त गर्न सफल भएको बताउनुभयो । सो क्रममा जर्मनी कलाकार एलेक्जेन्डर इलाइजर, डिर्क निबेर्गल र एलेक्जेन्डर बिसी बोटेनबर्जले नेपाली कला कार्यलाला र प्रदर्शनीमा सहभागी भई यहाँको कला संस्कृति बुझ्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

प्रदर्शनीमा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, उपकुलपति लालकाजी लामा, सदस्यसचिव देवेन्द्रकुमार काफ्ले 'थुम्केली', तथा प्राज्ञ परिषद सदस्यहरू पाल्साङ्मो लामा, प्रदीप अधिकारी, सौरगङ्गा दर्शनधारी, दिनेश्वर महतो, सञ्जय वान्तवा, अरूणा हिङमाङसहितका ३३ नेपाली कलाकारका सिर्जना समावेश छन् ।

यस्तै जर्मनीका १० जना कलाकारका सिर्जना समेत प्रदर्शनीमा रहेका छन् । जर्मनीका कलाकार नेपाल कला आदानप्रदान कार्यक्रमका सिलसिलामा नेपाल आउनुभएको हो । प्रदर्शनीको मङ्गलबार साँझ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरी, नेपालका लागि इजरायलका राजदूत हनन गोदार र जर्मनीका राजदूत डा. थोम्स प्रिन्जले अवलोकन गर्नुभयो ।

अवलोकनका क्रममा राज्यमन्त्री सिर्पालीले यस्ता खालका चित्रकला कार्यशाला र प्रदर्शनीले संस्कृति आदानप्रदानमा सहयोग पुग्ने र पर्यटन विकास हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेपाल जर्मनबिच मित्रता कायम राख्न पनि कला प्रदर्शनी फलदायी हुने बताउनुभयो । उहाँले कला र संस्कृतिले जनस्तरसम्मको सम्बन्धलाई मजबुत बनाउने भएकाले कला र संस्कृतिसँग सम्बन्धित कार्यक्रम निरन्तर अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

# मेसिनबाट पानी तान्ने क्रममा एक किसानको मृत्यु

भक्तपुर, ९ फागुन । भक्तपुर नगरपालिका वडा नं. ३ बस्ने अन्दाजी वर्ष ६० का गणेशमान गोरा विद्युत् सटको कारण मृत्यु भएको छ ।

स्थानी जनतामाझ चर्चा भएअनुसार उनी भनपा वडा नं. २ बके बस्ने स्यालाँचा भन्ने आफ्नै काउली बारीमा पानी पटाउन मेसिनबाट खोलाको पानी तान्दै थिए । लामो समयसम्म पनि खेतमा नदेखेपछि हेर्न जाँदा उनी खोलामै मृत अवस्थामा देखिए । विद्युत्को लाइन ननिकाली हातले मेसिन छोएको कारण सर्त भएर उनको मृत्यु भएको आशङ्का गरिएको छ । उक्त घटना दिउँसो २ बजेतिर भएको अनुमान छ ।

प्राप्त जानकारीअनुसार पोस्ट मार्टमको लागि उनको लास भक्तपुर अस्पताल लगिएको थियो । प्रहरीले अनुसन्धान गरी मुचुल्का उठाइसकेको छ ।

मृतक गोरा तरकारी बारी गरेर जीवन जोहो गर्ने मेहनती किसान भएको स्थानीय जनताको भनाइ छ ।

## सङ्क्षिप्त समाचार

# जाजरकोटको बारेकोटमा नेमकिपा स्थापनाको सैद्धान्तिक आधारबारे छलफल

जाजरकोट, ९ फागुन । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवस (माघ १०) को अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घद्वारा जाजरकोटको बारेकोटमा भेटघाट तथा नेमकिपा स्थापनाको सैद्धान्तिक आधार र देशको समसामयिक राजनीतिक विषयमा छलफल भयो ।

उक्त भेटघाटमा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले सरकारमा जाने एमाले, एमाओवादीलगायतका पार्टीहरू व्यवहारत: कम्युनिस्ट नभएको बताउँदै भ्रष्टाचार गर्ने, तस्करहरूको संरक्षण गर्ने र सरकारमा सहभागी भएर भागबन्डा गर्नेहरू दोषी रहेको बताउनुभयो ।

भेलाबाट रमेश खत्रीको संयोजकत्वमा ५ सदस्यीय नेक्रायुसङ्घ जाजरकोट सम्पर्क समिति गठन भयो ।

# आँखा शिविरबाट एक हजारभन्दा बढी लाभान्वित

सिन्धुपाल्चोक, ९ फागुन । तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौँ र तिलगङ्गा सामुदायिक आँखा केन्द्र मेलम्चीको आयोजनामा भएको नि:शुल्क आँखा शिविरमा एक हजार ५१ जनाले सेवा लिएका छन् ।

मेलम्ची, पाँचपोखरी थाङपाल, इन्द्रावती र हेलम्बुका सात स्थानमा हालै शिविर आयोजना गरिएको थियो । मेलम्ची नगरपालिका-४ पिप्लेमा भएको शिविरमा एक सय ९० जना, मेलम्ची-७ मा एक सय ५०, मेलम्ची ११ मा एक सय ६६, इन्द्रावती वडा नं १२ भीमटारका एक सय १६, हेलम्बु गाउँपालिका-२ किउलका ७३, पाँचपोखरी थाङपाल गाउँपालिका-५ गुन्साका एक सय ८४ र तिपेनीका एक सय ७२ गरी एक हजार ५१ जनाले सेवा लिएका हुन् ।

शिविरमा सेवा लिन आएकामध्ये एक सय २२ जनामा मोतियाविन्दु फेला परेको र एक सय ३९ जनाको मोतियाविन्दु शल्यक्रिया गरिएको तिलगङ्गा सामुदायिक आँखा केन्द्र मेलम्चीका प्रमुख आशिष भट्टले जानकारी दिनुभयो । तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौँका वरिष्ठ नेत्ररोग विशेषज्ञ डा. सुष्मा दुवाल नेतृत्वको टोलीले शल्यक्रिया गरेको हो । मेलम्ची नगरपालिकासँगको समन्वयमा मोतियाविन्दु शिविर अन्य सम्बन्धित पालिकाको समन्वयमा आँखा जाँच शिविर सञ्चालन गरिएको केन्द्रप्रमुख भट्टले जानकारी दिनुभयो । ***रासस***

# ललिता निवास क्षेत्रको जग्गा सात दिनभित्रमा खाली गर्न महानगरको आग्रह

काठमाडौँ, ९ फागुन । काठमाडौँ महानगरपालिकाले वडा नं ४ बालुवाटारस्थित ललिता निवास क्षेत्रको जफत (सरकारी) भएको सम्पत्ति संरक्षण गर्ने भन्दै उक्त क्षेत्र एक साताभित्र खाली गर्न आग्रह गरेको छ ।

विशेष अदालतको फैसलासँगै उक्त जग्गा सरकारी भएकाले सात दिनभित्र ललिता निवास क्षेत्रमा रहेका व्यक्ति, कम्पनी तथा सङ्घसंस्थाहरूलाई उक्त क्षेत्रबाट हट्न महानगरले आग्रह गरेको हो । सरकारी सम्पत्तिको संरक्षण तथा उचित प्रवन्ध गर्ने कार्यमा महानगरपालिकालाई सहयोग गर्न आग्रह समेत गरिएको महानगरपालिकाका सहायक प्रवक्ता दीपक अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १३ स्थानीय तहको सम्पत्तिको संरक्षणसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ९७ (१) ले काठमाडौँ महानगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मतसम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने कानुनी दायित्व महानगरपालिकालाई तोकेकाले ललिता निवास खाली गराउन आग्रह गरिएको हो ।

यसैगरी, महानगरपालिकाले एक सार्वजनिक सूचना प्रकाशित गरी तोकेको समयभित्र सो क्षेत्रबाट नहटेमा प्रचलित कानुनबमोजिम हटाई सरकारी जग्गा तथा सम्पत्तिको संरक्षण, रेखदेख तथा उचित प्रबन्ध गरिने जनाएको छ ।

# अछाममा जिप दुर्घटना हुँदा एकको मृत्यु, १४ घाइते

अछाम, ९ फागुन । अछाममा जिप दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् । चौरपाटी गाउँपालिका-५ लुंग्रास्थित आमरुख नजिक बुधबार बिहान जिप दुर्घटना भएको हो ।

से १ ज ४२९ नंको जिप लुग्राबाट साँफेबगर आउने क्रममा अनियन्त्रित भई सडकबाट एक सय ५० मिटर तल खसेर दुर्घटना भएको थियो ।

दुर्घटनामा घाइते डोटीको पूर्वीचौकी गाउँपालिका-४ का राजेन्द्र खड्काका डेढ वर्षका छोरा इशान खड्काको उपचारका क्रममा बयालपाटा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय अछामका सूचना अधिकारी प्रहरी निरीक्षक राजेन्द्र साउदले जानकारी दिनुभयो । घाइते १४ जनाको बयालपाटा अस्पतालमा उपचारको भइरहेको प्रहरीले जनाएको छ ।



**उखु रोप्दै किसान**

कञ्चनपुरको बेलडाँडी गाउँपालिका-५ इमलियास्थित खेतमा उखु रोप्दै किसान । लामो समयदेखि उखु खेती गर्दै आएका यहाँका किसान मनग्य आम्दानी गर्दै आएका छन् । *तस्बिर : गोकुल जोशी/रासस*

# माटोमा शिल्प भरेर चलेको वीरपालको जीविका

कञ्चनपुर, ९ फागुन । माटोका भाँडाकुँडा बनाएर शुक्लाफाँटा नगरपालिका-१२ कालागौँडीका वीरपाल कुमालका तीन पुस्ता बितेका छन् । भारतबाट बसाइँ सरेर वीरपालका बाजे भीमपाल माटोका भाँडाकुँडा बनाउन सात दशकअघि यता आउनुभएको हो । बाजेले गर्दै आएको काम उहाँका बुबा चिरौँजीलालले पनि निरन्तरता दिनुभयो । अहिले त्यही काम वीरपालले सम्हाल्दै आउनुभएको छ ।

वर्षौँदेखि यहाँ बस्दै आउनुभएका उहाँसँग चार कठ्ठा चार धुर जग्गाको २०२५ मा उपलब्ध गराइएको जग्गाधनी प्रमाणपत्र पनि छ । त्यो जग्गा निकुञ्ज विस्तारित क्षेत्रमा पर्दा उहाँले सट्टाभर्ना पाउन भने सक्नुभएको छैन । तत्कालीन पिपलाडी गाउँपालिकाको भत्तपुरीमा रहेको जग्गाको उहाँले सट्टाभर्ना नपाउनुभएको हो । उहाँले भन्नुभयो, "देशमा त्यसबेला सङ्कटकाल लागेको हुँदा विस्थापित हुनुपर्‍यो । जग्गाधनी प्रमाणपत्र भए पनि जग्गा पाउन सकिएको छैन ।"

नेपालमै उहाँको जन्म भयो, यहाँ तीन पुस्ता बित्यो । नेपाली नागरिकताका लागि पहल गरे पनि त्यो भने पाउन नसकिएको उहाँले बताउनुभयो । कञ्चनपुर जिल्लामा उहाँ एक्ला माटोका भाँडाकुँडा बनाउने व्यक्तिका रूपमा चिनिनुहुन्छ । तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्षको विस्तारित क्षेत्र भत्तपुरीबाट विस्थापनमा परेपछि वीरपालले भाडामा जग्गा लिएर माटोका भाँडा बनाउँदै आउनुभएको छ । उहाँ विभिन्न ढाँचामा आकर्षक गमला, लोटा, करुवा, घैँटो, गोलक बनाउनुहुन्छ । कम्तीमा रु. १५ देखि बढीमा रु. दुई सय ५० मा उहाँले बनाएका भाँडाकुँडाको किन्न पाइन्छ । यद्यपि, ती वस्तुको मूल्य बजारमा फरक छ ।

वार्षिक रु. चार लाख कमाइ हुने उहाँ बताउनुहुन्छ । माटो, दाउरा, जग्गाको भाडा, कामदारको ज्यालामा रु. दुई लाख ५० हजार जति खर्च हुने गरेको छ । बचेको रकमले घरखर्च चल्ने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "परिवारको लत्ताकपडादेखि राशनपानीमै काम गरेर कमाएको रकम खर्च हुन्छ । बिरामी परे अरुसँग सापटी लिनुपर्दछ ।" व्यवसाय दर्ता गरेर उहाँले काम गर्दै आउनुभएको छ । तर, अन्य भारतीयले भारतबाटै भाँडाकुँडा ल्याएर सस्तोमा बिक्री गर्दा उहाँको व्यवसाय सङ्कटमा परेको छ ।

उहाँले भन्नुभयो, "अवैधरूपमा बजार क्षेत्रमा भारतीयले माटोका भाँडाकुँडा खुला सीमानाका हुँदै राजस्व नतिरेर भित्र्याउने गरेका छन् । मेरै नाम लिएर बेच्छन्, वडा कार्यालय र प्रहरीलाई यसबारे खबर गर्दा पनि अवैध कारोबार नरोकिँदा व्यवसाय बन्द गर्नुपर्ने अवस्थामा पुगेको छ, परिवारको रोजीरोटी खोसिन थालेको छ ।" अन्य काम गर्नेका लागि सरकारले अनुदानको व्यवस्था गर्दै आए पनि कुमालेका लागि कुनै कार्यक्रम नहुँदा उहाँ हतोत्साहित हुनुहुन्छ । वडाध्यक्ष नवलसिंह रानाले पुर्खौँदेखि वीरपालको परिवारले काम गर्दै आए पनि नागरिकता नपाउँदा अनुदानलगायत सुविधाबाट बञ्चित रहनुपरेको बताउनुभयो । उहाँले भन्नुभयो, "कानुनी प्रक्रिया पूरा गर्न नागरिकता चाहिन्छ । त्यो नभएपछि कुनै पनि कार्यक्रममा समावेश गर्न सकिँदैन ।" ***रासस***

# काभ्रेपलाञ्चोक कृषि महोत्सव उपलब्धिमूलक

**अनिषा श्रेष्ठ, प्रशिक्षार्थी**

काभ्रे, ९ फागुन । करुणा मार्ग बनेपा–८ काभ्रे जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको मुख्य आयोजना तथा जिल्लास्थित सबै पालिकाको आयोजनामा फागुन ४ गतेदेखि सञ्चालन भएको बृहत् काभ्रेपलाञ्चोक कृषि महोत्सव सोमबार सम्पन्न भयो ।

बनेपाको तीनदोबाटोस्थित करूणामार्गमा चार दिनसम्म चलेको महोत्सवमा करिब ७० हजार दर्शकले अवलोकन गरेको जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपककुमार गौतमले बताउनुभयो । प्रदर्शनीमा जिल्लास्थित गाउँपालिका तथा सिन्धुपाल्चोकका पाँचपोखरी थाङपाल गाउँपालिकाले कृषिजन्य वस्तुको प्रदर्शनी गरेका थिए । महोत्सव अवलोकन गर्नको लागि विभिन्न ३५ जिल्लाका जनप्रतिनिधि सहभागी भएको उहाँले बताउनुभयो ।

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका उपप्रमुख रीमबधदुर तामाङले जिल्लाका सबै पालिका र सरकारी कार्यालयसँगको समन्वयमा महोत्सव भव्यरूपमा सम्पन्न भएको बताउनुभयो । महोत्सव किसानको समस्या र उनीहरूको उत्पादनको बजारीकरणका लागि बहस गर्ने थलोको रूपमा विकास भएको उहाँले बताउनुभयो ।

कुलप्रसाद दवाडीका अनुसार महोत्सव हुनुअघि कृषि महोत्सव पनि सम्भव छ र भन्ने धेरैमा कौतुहलता थियो । तर महोत्सवले गाउँस्तरमा उत्पादित रैथाने बाली उपजहरूले स्थान पाएको खण्डमा बजारीकरण गर्न सकिने रहेछ भन्ने सकारात्मक सन्देश दिएको छ । महोत्सवमा २५० वटा स्टल रहेका छन् ।

महोत्सवमा कृषिलाई साहित्यसँग जोडेर विभिन्न साहित्यिक रचना, कृषिलाई चित्रकलासँग जोडेर चित्रकला प्रतियोगिता भएको थियो । महोत्सवमा काठमाडौँ विश्वविद्यालयका आर्टिफिसियल इन्टेलिजेन्स कार्यक्रमका संयोजक एवम् असिस्टेन्ट प्रोफेसर डा. यज्ञराज पाण्डे, डा. कुमार लामाले कृषिमा कृत्रिम बुद्धिमत्ताको प्रयोग, सम्भावना एवम् अभ्यास, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना खुमलटारका वरिष्ठ कृषि इन्जनियर डा.ई. जितबहादुर चन्दले कृषिमा यान्त्रीकरणको अवस्था, सम्भावना र चुनौतीको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कृषि विभागका वरिष्ठ कृषि प्रसार अधिकृत शिवसुन्दर घिमिरेले नेपालमा कृषि बीमाको अवस्था तथा चुनौतीहरू, राष्ट्रिय वाणिज्य बैङ्क बनेपाका प्रमुख जग्गनाथ अधिकारीले कृषिमा सहुलियत ऊर्जा एवम् सहज परिचालन, सलाका डेरी फर्म सञ्चालन र आङफुर्वा शेर्पाले व्यावसायिक पशुपालनसम्बन्धी अनुभव प्रस्तुत गर्नुभएको थियो ।

महोत्सवमा अन्नबाली, दलहन, नगदेबाली, फलफुल, तरकारी, मसला बालीका साथै दुग्धजन्य उपज एवम् उत्पादन प्रविधि पशुपक्षीजन्यउपज एवम् उत्पादन तथा प्रविधि, मासुजन्य उत्पादन, मत्स्यजन्य परिकारहरूसमेत प्रदर्शनीमा राखिएको थियो । महोत्सवको समापन कार्यक्रममा उत्कृष्ट सहकारी, समूह, कृषि फर्मलाई नगद दुई हजार रुपियाँको दरले सम्मान गरिएको थियो ।



। सम्पादकीय ।

# कृषि सामग्री कम्पनी र सिल्क कम्पनीको मलको किचलो देश र जनताविरोधी षड्यन्त्र

९ फागुन २०८० को 'राजधानी' ले लेख्यो, 'वाग्मती प्रदेशमा कृषि उत्पादन घट्दो ।'

'तातोपानीमै थन्कियो रासायनिक मल ।' 'अन्नपूर्ण पोष्ट' ९ फागुन २०८० । भन्सारमा १० महिनादेखि ७ लाख ३५ हजार बोरा मल थन्किएका छन् ।

सिल्क मार्केट प्रालिले कृषि सामग्री कम्पनीका लागि मल आयात गरेको हो ।

तातोपानी नाकामा १ सय ११ कन्टेनरले वैशाख महिनाभर ल्याएको ७ लाख ३५ हजार बोरा रासायनिक मल लार्चा सुख्खा बन्दरगाह यार्डभित्र गोडाममै थन्किएको छ ।

सिल्क कम्पनीले नेपाल सरकारको कृषि सामग्रीबाट रासायनिक मल आयात गर्ने ठेक्का पाएको हो, तर रासायनिक मलको राजस्व असुल नहुने भएकोले कृषि सामग्रीले चिनियाँ सहरबाट झिकाएर सिधै राजधानी लाने गरेको उनले जानकारी दिए ।

सिल्कले सम्झौताअनुसार रासायनिक मल समयमै ल्याउन सकेन । गत वर्ष ल्याउनुपर्ने मल यो वर्षको जेठमा मात्रै आयात भएपछि कृषि सामग्रीले मल लिन नमानेको सिल्क मार्केटका रमेश शेर्पाले बताए ।

शेर्पाले भने, "गत वर्षको तुलनामा मलको मूल्य घटेकोले आयातकर्ताले मूल्य समायोजना गर्न कृषि सामग्रीलाई अनुरोध गरेको छ ।

साल्ट ट्रेडिङले स्थानीय सहकारीमार्फत किसानलाई मल बिक्री गर्ने गरेको छ ।

भन्सार गोदामबाट मल नलगिदिँदा सहकारीले बिक्री गर्न पाएका छैनन् । मल भन्सारमै थन्किँदा हिउँदे बाली लगाउने किसान भने समस्यामा परेका छन् ।

**समस्याको दोषी को ?**

माथिको समाचारअनुसार सिल्क कम्पनी मल ल्याउने, ठेक्का दिने कृषि सामग्री कम्पनी र समयमा मल नपाएर हाहाकार खप्नुपर्ने सरकारी संस्थाहरू र नेपाली किसानहरू हुन् । समयमा सस्तो मल बेच्न बाधा दिनेहरूमध्ये कृषि सामग्री कम्पनी र सिल्क कम्पनी नै हुन् । त्यस समाचारलाई विश्लेषण गर्दा परिणामले ती दुवै पक्षको देश र जनताविरोधी उद्देश्य बुझिन्छ, त्यसलाई उद्देश्य भन्नुभन्दा पनि एक व्यापारिक षड्यन्त्र हो । परिणाम निम्न छन् -

१) समयमा मल नपाएपछि किसानहरूले खेती गर्न सक्दैनन् र मल राख्न नपाएपछि देशको उत्पादन घट्नेछ ।
२) सस्तो मलको ठाउँमा भारतीय कमसल मल महँगोमा आउने गरेको हुँदा सिल्क कम्पनी र कृषि सामग्री कम्पनीलाई भारतीय कम्पनीले घुस खुवाउने सम्भावना यथेष्ठ छ ।
३) महँगो मलले उत्पादन पनि महँगो हुँदा महँगो उत्पादन भारतबाट आउँछ, नेपाल र नेपाली जनताले महँगो भारतीय उत्पादन खरिद गर्दा नेपाली जनता र देश अर्बौं खर्बौं घाटामा पर्नु स्वाभाविक छ ।
४) यो देश र जनताविरोधी षड्यन्त्र हो । देश र जनताविरोधी षड्यन्त्र सबभन्दा ठुलो अपराध हुँदा त्यस्ता अपराधीहरूलाई 'ज्यान सजाय' गर्नुपर्ने हो । यसकारण, कृष्णप्रसाद भट्टराईको बेला खारेज गरेको 'ज्यान सजाय' लाई पुनः संविधान र ऐन कानुनमा नल्याए अपराधी व्यापारसँग सम्बन्धित पक्षहरूले देश र जनतालाई विश्वासघात गर्ने देखिएको छ, यसको गम्भीर छानबिन आवश्यकता छ ।

XXX

तातोपानी भन्सार कार्यालयका प्रमुख दयानन्द केसीका अनुसार कृषि सामग्री कम्पनी र आयातकर्ता सिल्क कम्पनीको बिचमा नहुँदासम्म गोदाम खाली नहुने र अरू सामान पनि गोदाममा राख्न नपाउने हुँदा भन्सारको काम पनि अलपत्र परेको देखिन्छ ।

तर खोल्न नचाहने विषय हो - भारतीय दूतावासले पहिले पनि तातोपानीबाट आयात हुने वस्तु भन्सारमै रोक्न दबाब गर्थ्यो र धेरै दिनसम्म खासाका व्यापारीहरूलाई मार्कामा पार्थे । गोदामबाट बाहिर नल्याइनुको अर्थ नेपाल र चीनको व्यापार चल्नै नदिने नेपाल र नेपाली जनताविरोधी षड्यन्त्र हो । यी दुई कम्पनीहरूप्रति सारा जनता सचेत हुनुपर्छ । सरकार मौन रहनु अझ गम्भीर विषय हो भनी व्यापक चर्चा छ ।

# बजेटको अर्धवार्षिक समीक्षा : आर्थिक टाट पल्टिने सङ्केत ?

✍ **विवेक**

नेपाल सरकारले बजेटको अर्धवार्षिक समीक्षामार्फत कूल बजेट संशोधन गरेको छ । आ.व.२०८०।८१ को लागि १७ खर्ब ५१ अर्ब बजेट पेस गरिएकोमा अनुमान गरिएअनुसार राजस्व सङ्कलन नभएको उल्लेख गर्दै कुल बजेट रकममा २ खर्ब २१ अर्ब घटाएर १५ खर्ब ३० अर्बको मात्रै कायम हुने गरी बजेट संशोधन गरेको छ । विगतको तुलनामा राजस्व कम उठ्नुमा इन्धनबाट चल्ने गाडी आयातमा कमी र विद्युतीय गाडी बढी आयात हुनुको कारण रहेको अर्थमन्त्री प्रकाशशरण महतको भनाइ छ ।

अर्थमन्त्रीको त्यो भनाइ सही होइन । वास्तविकताभन्दा बढी बजेट प्रस्तुत गर्नु नै बजेटको कुल अङ्क संशोधन गर्नु पर्नाको कारण हो । अर्थविद्हरूका अनुसार यथार्थभन्दा ४० प्रतिशत बढी अनुमानित बजेट प्रस्तुत गरिएको थियो । विदेशीसँग लिने ठुलो ऋण र अनुदान वास्तविकताभन्दा बढी उल्लेख गरेको कारण ठुला आकारको बजेट देखिएको बताइन्छ ।

बजेटमा आएको ह्रासोन्मुख अवस्था मूलतः यहाँको राजनैतिक अस्थिरता, आर्थिक उदारीकरणको नीति र नेताहरूमा भएको परनिर्भरताको सोच हो । गठबन्धन सरकारको नाउँमा पालैपालो सरकारको नेतृत्व गरेर देशको ढुकुटीमा ब्रह्मलुट गर्ने शासक दलहरूको कार्यशैली नै आजको समस्या हो । फरक फरक पार्टीको सरकारले फरक फरक अर्थ नीति अवलम्बन गर्ने हुनाले अर्थतन्त्रमा समस्या आएको हो ।

## भागबन्डाको राजनीति

प्रजातन्त्रमा सरकारमा बसेका गठबन्धन दलहरूबिच पदाधिकारीहरूको भागबन्डा हुनुलाई स्वाभाविकरूपमा लिइन्छ । तर प्रमुख प्रतिपक्ष दलसमेत सरकारमा रहेका दलहरूसरह उपकूलपति, राजदूत, न्यायाधीश, आयुक्तलगायतको भागबन्डामा सामेल हुनु राजनैतिक अनैतिकता हो । यो पश्चिमेली प्रजातन्त्रको असफल भएको उदाहरण हो । सरकारले गरेका हरेक नराम्रा कामहरूको सशक्त विरोध गर्नु नै प्रमुख प्रतिपक्षको धर्म वा कर्तव्य हो । सबै नियुक्तिहरूमा भागबन्डा लिएर सरकारले जे गर्दा पनि चुप लागेर बस्नु प्रमुख प्रतिपक्ष आफ्नो कर्तव्यबाट च्युत हुनु हो । अहिले माओवादी र नेकाको गठबन्धन सरकारमा प्रमुख प्रतिपक्ष एमालेले पनि भागबन्डा लिएर सरकारलाई सहयोग गरिरहेको छ । यसर्थ, अर्थतन्त्र गिर्दै जानुमा अस्थिर सरकार र भागबन्डामा रमाउने प्रमुख प्रतिपक्ष एमाले मुख्यरूपमा जिम्मेवार छन् ।

## अराजनैतिक व्यक्तिहरू निर्वाचित हुनु

देश राजनीतिक सिद्धान्त र विचारको आधारमा नेताहरूले चलाउने हो । अहिले पैसा खर्च गर्नसक्ने ठेकेदार, गुण्डा र तस्करहरू निर्वाचनमा जितेर नेता बनेका छन् । निर्वाचन विचार र सिद्धान्तको प्रतिस्पर्धा हुनुपर्नेमा पैसा र शक्तिको प्रतिस्पर्धा हुन पुगेको छ । पार्टीले पनि निर्वाचनमा बढी पैसा खर्च गर्नसक्नेलाई टिकट दिने गरेको छ । यसले योग्य, इमानदार, पार्टीको सिद्धान्तनिष्ठ कार्यकर्ताहरू किनारामा पर्दै गएका छन् । पार्टीहरूमा नैतिकताको खडेरी पर्न थालिएको छ । पछिल्ला केही वर्षदेखि गुण्डा, तस्कर, ठेकेदार, भूमाफियाहरू कुनै न कुनै पार्टीको तर्फबाट संसद्मा पुग्न थाले । पहिले नेताहरूको घर घरमा गएर संरक्षणको लागि गुहार माग्न जानेहरू अहिले आफैं नीति निर्माता बनेका छन् र उनीहरूले आफू अनुकूल कानुन बनाउँदै छन् । जेलमा बस्नुपर्नेहरू सदनमा, सदनमा पुग्नुपर्ने इमानदार कार्यकर्ताहरू ओझेलमा परेका छन् ।

## परनिर्भरता

नेपालमा उत्पादन हुनसक्ने वस्तुसमेत सरकारले विदेशबाट आयात गर्नेमा जोड दियो । नेपाल दाल, चामल, तरकारी, माछामासुजस्ता वस्तुमा आत्मनिर्भर मात्रै होइन, विदेश निर्यात गरेर पनि मनग्य विदेशी मुद्रा आर्जन गर्न सक्ने क्षमता राख्ने देश हो तर हरेक महिना कृषिजन्य वस्तुहरू आयात गर्नुपर्ने अवस्थामा पुगेको छ । नेपालको अर्थतन्त्रको मुख्य आधार कृषिलाई बेवास्ता गर्नाको कारण पनि आज देशको अर्थतन्त्र खस्कँदै गएको हो ।

## वैदेशिक रोजगार

युवाहरू जति विदेश पठाउने गलत नीतिको परिणाम आज देशका गाउँहरू युवाविहीन हुन पुगेका छन् । रोजगारीका लागि वार्षिक ८-९ लाख युवाहरू विदेश गएसँगै नेपालको धेरै रकम बाहिरिएको छ । युवाहरू बिदेसिएको अनुपातमा रेमिट्यान्स बढ्न सकेन । यसको मुख्य कारण बिदेसिएकाहरू उतै घरजम गरेर बस्नु वा नेपालको सम्पत्ति बेचेर उतै व्यापार व्यवसाय गरेर बस्नु हो । रेमिट्यान्स अर्थतन्त्रको भरपर्दो स्रोत होइन र हुनसक्दैन । रुस–युक्रेन युद्धझैं विभिन्न देशहरूबिच युद्ध भएमा त्यसको प्रत्यक्ष असर नेपाली युवाहरूमा पर्ने निश्चित छ र ती युवाहरू नेपाल फर्किनुपर्ने अवस्था आए नेपालको अर्थतन्त्रको थप बिजोग हुनेछ ।

## भ्रष्टाचार

ट्रान्सपरेन्सी इन्टरनेसनलले हालै नेपाल उच्च भ्रष्टाचार हुने देशमा रहेको सार्वजनिक गर्‍यो । नेपालमा तीन तहका सरकारहरूमा उच्च तहदेखि निम्न तहका पदाधिकारीसम्म सबै क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेको देखाइयो । प्रधानमन्त्री, मन्त्री, सांसद, सचिवदेखि खरिदारसमेतले व्यापक भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाउने गरेको पनि सार्वजनिक भयो । स-साना भ्रष्टाचारीहरूलाई मात्रै कारबाही गरी ठुलालाई बचाउने गरेको अख्तियारमाथि आरोप पनि छ । नेपाल सरकारलाई तिर्नुपर्ने अर्बौंको कर छली गर्ने व्यापारीहरू र ठुला परियोजनाहरूमा हुने भ्रष्टाचारले देशलाई अगाडि बढ्न दिएन । विदेशी ऋण र अनुदानमा चल्ने योजनाहरू समयमा सम्पन्न गर्न नसक्दा लागत बढ्न जाने र त्यसले देशको अर्थतन्त्र क्रमशः कमजोर बनाउने यथार्थ सबैले बुझेकै हो ।

## निजीकरण

उद्योगधन्धाको विकासविना अर्थतन्त्र मजबुत हुनसक्दैन । नेपालमा प्रजातन्त्र पुनःस्थापना भएको ३३-३४ वर्ष भयो तर सरकारले एउटा पनि नयाँ उद्योग स्थापना र सञ्चालन गर्न सकेन । बरु उल्टै सरकारको स्वामित्वमा सञ्चालित सबै उद्योगहरू एक एक गरी निजीकरणको नाउँमा कौडीको मूल्यमा बिक्री गरियो । देशको लागि चाहिने कपडा, जुत्ता, कृषिऔजारलगायत सबै क्षेत्रमा परनिर्भर बनाइयो । यसले युवाहरू वैदेशिक रोजगारमा गएर कमाएको रेमिट्यान्स पनि वस्तु खरिद गर्न सबै विदेशतर्फ नै गइरहेको छ । अर्थतन्त्र ध्वस्त हुनुमा आर्थिक उदारीकरणको नाउँमा सम्पूर्ण कलकारखाना निजीकरण गर्ने सरकारहरू मुख्यरूपमा जिम्मेवार देखिएका छन् ।

## वैदेशिक ऋण

नेपालको अहिले रु. २४ खर्ब ऋण भएको देखाइएको छ । नेपाली भएर जन्मिनेबित्तिकै उसले करिब ८१ हजारको ऋण टाउकोमा बोक्नुपर्ने बाध्यता छ । वैदेशिक ऋणलाई सदुपयोग गरेर त्यसबाट तुरुन्त आय उत्पादनमूलक क्षेत्रमा लगाउन सकेन भने त्यो ठूलो भार बन्ने छ । सरकारले ऋण तिर्न नसकेपछि विदेशी बैङ्कहरूले विश्वास गर्न छाड्ने छन्, चालु आयोजनाहरू अधुरा हुनेछन् र साम्राज्यवादीहरू ऋणकै माध्यमबाट नेपालमा उपनिवेश गर्न आइपुग्ने छन् । विश्व बैङ्क, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोषजस्ता साम्राज्यवादीहरूका आर्थिक हतियारहरूको बलमा देशमा उनीहरूले राज गर्नेछन् । नेपाल अहिले त्यही दिशातर्फ उन्मुख छ ।

## के नेपाल श्रीलङ्का बन्दै छ ?

श्रीलङ्काको अर्थतन्त्र पनि एकैदिनमा ध्वस्त भएको होइन । त्यहाँका सरकारले ठुल्ठुला परियोजनाहरू निर्माणका लागि ठुलो धनराशी विदेशी बैङ्कहरूसँग ऋण लियो तर समयमा सावाँ ब्याज तिर्न सकेन । भ्रष्टाचार व्याप्त भयो । निर्वाचित सरकारले अर्ग्यानिक खेती गर्ने भनी रासायनिक मल र कीटनाशक औषधिमाथि प्रतिबन्ध लगायो । त्यसले कृषि उत्पादन घट्यो । दाल चामलजस्ता अति आवश्यक कृषि उत्पादनसमेत विदेशबाट आयात गर्नुपर्ने अवस्थामा पुग्यो । कोरोनाको कारण पर्यटन व्यवसाय पनि धराशायी भयो । रेमिट्यान्समा कमी आयो । राजस्व सङ्कलनमा भारी गिरावट आयो । विदेशी ऋण तिर्न राजश्वको दुईतिहाइ (७२ प्रतिशत) बुझाउनुपर्ने अवस्थामा पुग्यो । हेर्दा हेर्दै केही वर्षभित्र मध्यम आर्थिक अवस्था भएको एसियाको एउटा देश श्रीलङ्का तासको घरजस्तै भत्क्यो ।

श्रीलङ्का जुन कारणले आजको अवस्थामा पुग्यो ती कारणहरू नेपालमा अहिले देखा पर्दै छन् । केही वर्षअघि श्रीलङ्काले भोगेका समस्याहरू चरम भ्रष्टाचार, कृषिमा परनिर्भरता, वैदेशिक ऋणमा वृद्धि, रेमिट्यान्समा कमी, राजस्व सङ्कलनमा घट्दो दर आदि अहिले नेपालले भोगिरहेका समस्याहरू हुन् । राज्य सञ्चालकहरू समयमा सचेत भएनन् भने नेपाल श्रीलङ्का बन्न कसैले रोक्न सक्नेछैन ।

नेपालको आजको अवस्थामा सुधार आएन भने चाहेर वा नचाहेर केही वर्षपछि नेपाल आर्थिकरूपमा टाट पल्टिने कुरामा कुनै शङ्का छैन । त्यसैले अर्थतन्त्र ठुला बनाउने नाउँमा अर्थमन्त्रीहरूले भारी विदेशी ऋण र अनुदान लिनु गलत हो । वैदेशिक ऋणले देशको राजनीतिको साँचो साम्राज्यवादीहरूको हातमा सुम्पिनु जत्तिकै खतरनाक हुन्छ । त्यसैले तत्काल अर्थ उपार्जन हुने ठाउँमा बाहेक ठूल्ठूला परियोजनाहरूका लागि खर्बौंको ऋण लिनु देशलाई विदेशीको ऋण पासोमा फसाउनु हो । निजगढ विमानस्थलजस्तो खर्बौंको ऋण लिएर बनाउन खोज्नु नेपाललाई कहिल्यै उम्कन नसक्ने गरी साम्राज्यवादीहरूको ऋणमा दुबाउने जालसाजी हो । नेपाल सरकार त्यस्ता योजनाबाट सधैं सचेत रहनु आवश्यक छ ।

# असल राजनीति गर्ने दलका नेताहरूको खाँचो

**मेरिना शाक्य**

जनताको शान्ति सुरक्षा गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासन व्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिको उपयुक्त सन्तुलन गर्ने र यस्तै अन्य कार्य गर्ने नीति नै राजनीति हो । राजनीतिक उद्देश्य परिपूर्ति गर्न दल खोलिएको हुन्छ । राजनीति देश र जनताको निम्ति हो; कुनै दलको स्वार्थ पूरा गर्न होइन । यसकारण, राजनीतिक दल देश र जनताप्रति उत्तरदायी र जवाफदेही हुन्छ । राजनीति स्वच्छ ढङ्गले गर्नुपर्छ । राजनीतिलाई विकृत बनाउनुहुँदैन । राजनीति गर्ने राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू या राजनीतिक दलमा आबद्ध सबै व्यक्तिहरू इमानदार हुनुपर्छ । इमानदारीपूर्वक राजनीति गर्ने दलले जुन वर्गको प्रतिनिधित्व गरे पनि दलका नेता तथा कार्यकर्ताहरू भ्रष्टाचारको दलदलमा फस्दैनन् । उनीहरू अनैतिक काम गर्दैनन्; बेइमान हुँदैनन्, भ्रष्ट आचरणका हुँदैनन्; बिलासी जीवन बिताउँदैनन्; व्यक्तिगत स्वार्थ पूरा गर्ने नाउँमा हुने नहुने काम गर्दैनन् । उनीहरू कमिसनमा फस्दैनन्; घुस, तस्करी, कालोबजारी, राजस्व ठगी, कर ठगी गर्दैनन् । नेता तथा कार्यकर्ताहरू हत्या, हिंसा, बलात्कारजस्ता आपराधिक क्रियाकलापमा फस्दैनन्; अपराधीहरू प्रकरणअनुसार कारबाहीमा पर्छन् र सरकार कारबाही गर्न पछि हट्दैन । अनि त्यहाँ सुशासन हुन्छ, शान्ति हुन्छ, न्याय हुन्छ र पक्षपात हुँदैन ।

संविधानतः देशको राज्य व्यवस्था समाजवादउन्मुख छ । संविधान बनेको ८ वर्ष बिते पनि देशको राज्य व्यवस्था समाजवादउन्मुख ढङ्गको छैन या त्यसलाई व्यवहारमा ल्याइएको छैन । समाजवादउन्मुख राज्य व्यवस्था व्यवहारमा लागु गर्न सत्तासीन दलका नेताहरू छलफलमा जुट्नुपर्ने हो । तर, त्यो पनि पाइएको छैन । बरु ती दलका नेताहरू पद र भागबन्डाका निम्ति आपसमा तँछाडमछाड गर्छन्; एकले अर्कोलाई तानातान गर्छन् । यसले गर्दा देशमा अस्थिरता निम्तिएको हो; अराजकता निम्तिएको हो । देशको व्यवस्था भद्रगोल भएको हो । राजनीतिलाई सफल बनाउन असल राजनीति गर्नुपर्छ; असल राजनीति असल नेता तथा कार्यकर्ताहरूले मात्र गर्छन् । तर, देशमा असल राजनीति गर्ने नेता तथा कार्यकर्ताहरूको कमी छ ।

देशको शासनसत्ता असल नेताहरूको हातमा छैन । सत्तासीन र ठुला दलका नेता, मन्त्री, सांसद र कार्यकर्ताहरूले देशलाई मागी खाने भाँडा बनाइरहेको कुरा हाल सार्वजनिक भइरहेको भ्रष्टाचार र अनियमिततामा परेका मन्त्री, सांसद, कर्मचारीहरू फसेको घटनाबाट थाहा हुन्छ । नेता तथा मन्त्रीहरू कारबाहीमा नपरेर उन्मुक्ति पाएको प्रसङ्ग पनि बेलाबखतमा सञ्चारमाध्यममा नआएको होइन । शासकहरू जिम्मेवार भएनन्; उनीहरू पद र शक्तिमा रमाउन थाले । बिलासी जीवन बिताउन थाले । उनीहरूमाझ स्वस्थ प्रतिस्पर्धा भएन । इज्जत, आस्था र चरित्रमा ध्यान दिइएन । आर्थिक विकास गरेर देशलाई आत्मनिर्भर बनाउनेतर्फ ध्यान दिइएन । स्वच्छ र सक्षम नागरिक तयार गरिएन । फलतः राजनीतिमा अपराधीहरू संलग्न हुन थाले; सक्रिय हुन थाले । अपराधीहरूलाई कारबाही नगर्दा या उन्मुक्ति दिने काम गरेकोले आपराधिक गतिविधि बढेको हो । सरकारको नेतृत्व गर्ने सरकार या सत्तासीन दलका नेताहरू असल, इमानदार र देश र जनताप्रति उत्तरदायी र जवाफदेही नबनेसम्म यो समस्या दोहोरिरहन्छ । यसकारण, देशमा असल राजनीति गर्ने दल र दलका नेताहरूको खाँचो छ ।

# पहिलो अध्याय
# अगाडि बढेको सहकारी

✍ नारायणमान बिजुक्छें

**उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व समाजवादी वितरण व्यवस्था र पहिलेको भन्दा ठुलो आकारको खेती भएकोले समाजवादी सहकारी संस्थाका सदस्यहरूको आम्दानी प्राथमिक सहकारी संस्थाको बेलाको भन्दा बढी भएर विस्तारै जनताको जीवनस्तर माथि उठ्न थाल्यो । अर्ध-समाजवादी सहकारीको समयमा परिवारको वास्तविक आम्दानी २७,४०० यान थियो भने समाजवादी सहकारीको बेलामा ४१३०० यानभन्दा बढी पुग्यो ।**

सन् १९५६ को वसन्तदेखि अगाडि बढेको अथवा पूर्ण समाजवादी सहकारी संस्थाको स्थापनाको आन्दोलन तीव्रगतिले सुरु भएको थियो । हुन त यसको स्थापना सन् १९५५ को अन्ततिर नै भइसकेको थियो । त्यसबेला ४७,००,००० अथवा ४ प्रतिशत परिवारले मात्रै त्यसमा भाग लिएका थिए । तर, सन् १९५६ मा यो तीव्रगतिले बढ्यो र सन् १९५६ को जूनसम्ममा ७,५४,१०,००० अथवा ६२.२ प्रतिशत किसान परिवारले अगाडि बढेको सहकारी संस्थामा भाग लिइसकेका थिए ।

समाजवादी सहकारी संस्था दुई कारणले प्राथमिक सहकारीभन्दा अगाडि बढेको थियो- पहिलो आकारमा र अर्को समाजवादी चरित्रमा ।

प्राथमिक सहकारी संस्थामा २०-३० परिवारमात्र सम्मिलित भएको हुन्थ्यो । अगाडि बढेको सहकारी संस्थामा १७०-१८० परिवारहरू सम्मिलित थिए । अगाडि बढेको सहकारी संस्थामा यति नै परिवार हुनुपर्छ भन्ने केही कडा नियम थिएन । त्यो उनीहरूको भौगोलिक र स्थानीय परिस्थितिहरूमा निर्भर गर्दथ्यो । यसबारे अध्यक्ष माओले ‘चिनियाँ गाउँतिर समाजवादको लहर’ मा लेख्नुभएको छ, “केही ठाउँहरूमा हरेक सहर क्षेत्रको लागि एउटै सहकारी संस्था हुन सक्छ । थोरै ठाउँहरूमा एक सहकारीमा धेरै सहरहरू सम्मिलित गराउन सकिन्छ तर धेरै ठाउँहरूमा अवश्य पनि एक सहरमा धेरै सहकारी संस्थाहरू सम्मिलित हुनेछन् ।” साथै अध्यक्ष माओले त्यसमा के पनि भन्नुभएको थियो भने यो कुरो “अरु ठाउँमा पनि लागु हुनसक्छ । यो कुरो समतल ठाउँहरूमा मात्रै ठुलठुला सहकारी संस्थाहरू बनाउन सक्ने होइन, पहाडी इलाकाहरूमा पनि बनाउन सकिन्छ ।”

उक्त कुराले स्पष्टै छ, प्राथमिक सहकारीभन्दा अगाडि बढेको भन्नुको अर्थ त्यसको समाजवादी चरित्र हो । त्यसमा दुई विषय छन् - पहिलो, उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व कायम हुनु र अर्को, वितरण व्यवस्थामा समाजवादी सिद्धान्त लागु गर्नु ।

अगाडि बढेको सहकारी संस्थामा उत्पादनका सारा साधनहरूमा भएको व्यक्तिगत स्वामित्व सामूहिक स्वामित्वमा परिणत भयो । साथै व्यक्तिगत मालिकत्व र सामूहिक स्वामित्वको बिचको अन्तरविरोधबाट उठ्ने बाधाहरू हटी उत्पादनका कार्यमा सामूहिक श्रम लगाउन सकिन्थ्यो ।

उत्पादनका साधनहरूमा व्यक्तिगत स्वामित्व नभएपछि सामूहिक श्रमको उत्पादनको केही अंश भाडाको रूपमा दिने गरेको बहाल दिन बन्द गरियो । त्यसले सामूहिक सम्पत्तिलाई अझ बढायो ।

अर्को विषय, उत्पादनका साधनहरूलाई दिइने बहाल नदिई सहकारी संस्थामा उत्पादनका सबै भाग (सामूहिक कल्याण, सञ्चय छोडेर) समाजवादी सिद्धान्तमा कामअनुसारको ज्याला वितरण गरिन्थ्यो । प्राथमिक सहकारी संस्थामा उत्पादनको अनुपातमा सामूहिक श्रमको केही भागमात्र वितरण हुँदा गरिब किसानहरू मर्कामा पर्थे । त्यस वितरण व्यवस्थाले किसानहरूको आर्थिक जीवनमा विषमता ल्याउँथ्यो र त्यो दोषपूर्ण थियो । तर, पनि उत्पादनको बढी भाग ‘हरेकलाई कामअनुसार’ को वितरण सिद्धान्त लागु गरेको उत्पादनका साधनहरूमा सामूहिक प्रबन्ध भएकोले प्राथमिक सहकारी अर्ध-समाजवादी भनिन्थ्यो । अगाडि बढेको सहकारी संस्थाका उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व कायम भएको र वितरण व्यवस्था कामको गुण र मात्रा हेरेर अर्थात् ‘हरेकलाई आफ्नो कामअनुसार’ को समाजवादी सिद्धान्तअनुसार वितरण गर्नाले अगाडि बढेको सहकारी संस्थालाई पूर्ण समाजवादी सहकारी संस्था भनिएको हो ।

उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व समाजवादी वितरण व्यवस्था र पहिलेको भन्दा ठुलो आकारको खेती भएकोले समाजवादी सहकारी संस्थाका सदस्यहरूको आम्दानी प्राथमिक सहकारी संस्थाको बेलाको भन्दा बढी भएर विस्तारै जनताको जीवनस्तर माथि उठ्न थाल्यो । अर्ध-समाजवादी सहकारीको समयमा परिवारको वास्तविक आम्दानी २७,४०० यान थियो भने समाजवादी सहकारीको बेलामा ४१३०० यानभन्दा बढी पुग्यो ।

अध्यक्ष माओको ‘अरु सहकारी संस्थाहरूसँग मिल्न जानुपर्छ’ भन्ने उक्तिमा विश्वास नराख्ने सहकारी संस्था र विश्वास राखेर साना साना सहकारीहरू मिलेर बनेको ठुलो एक सहकारी संस्थाको तुलनात्मक उदाहरण तल दिएको छ । त्यसबाट अध्यक्ष माओको उक्तिको साकार रूप देखिन्थ्यो ।

हुनान प्रान्तमा एक हजारभन्दा बढी सदस्य सङ्ख्या भएको शुशिह काउन्टीको ‘पहिलो जुलाई’ सहकारी संस्था, जुननान काउन्टीको ‘स्वाङमिङ सहकारी संस्था’, हसिंस्याङ काउन्टीको ‘छीली च्याङ सहकारी संस्था’, लु साङ, काउन्टीको ‘चीन-सोभियत मैत्री सहकारी संस्था’ र आन्चाङ काउन्टीको आङ फेङ सहकारी संस्था मिलेर एक समाजवादी सहकारी संस्था बनाइयो । त्यस सहकारी संस्थाको उत्पादन १९५६ र १९५७ को बिचमै १७० प्रतिशत बढ्यो र १६०,००० यान जम्मा गरेर पानी घट्ट, दुई जोडी हल, रबरको टायरको गाडासमेत गरेर ९६० नयाँ प्रकारका औजारहरू, १,६०४ पानी छर्ने, एक डिजेल जेनेरेटर, हरेक प्रकारको ४७ वटा पानी तान्ने पम्प, तीन ट्याक्टर, आठ पिठो पेल्ने मिल र ३९ सिउने कल संस्थाले किन्यो तथा केही नयाँ इँटाभट्टा बनायो । सन् १९५७ मा यस सहकारी संस्थाको प्रत्येक सदस्यको सालाखाला आम्दानी १५० यानसम्म पुग्यो ।

तर, अध्यक्ष माओको भनाइमा विश्वास नराख्ने केही मध्यम र धनी किसानहरूको बोलवाल भएको, आन्फेङ सहकारी संस्थासँगै १८५ परिवारको सहकारी संस्थाले एक वर्षमा सालाखाला हरेक सदस्यलाई ४१ यानमात्र दिनसक्यो । आकारमा सानो र धन सञ्चयमा पनि कमी भएकोले अध्यक्ष माओले भन्नुभएजस्तै उत्पादनको वृद्धि ढीलो भयो र केही उन्नत औजारबाहेक अरु पानी तान्ने कल आदि केही पनि किन्न सकिएन ।

उक्त उदाहरणले अध्यक्ष माओको भनाइ सानासाना सहकारीहरूमा जम्मा धन र सदस्यहरूको कमी हुन्छ । तिनीहरू ठुलो आकारमा अथवा मेसिनहरू प्रयोगमा ल्याउन सक्दैनन् । तिनीहरूको उत्पादनको शक्ति सबै अवरुद्ध नै हुन्छ । तिनीहरू यस अवस्थामा धेरै समय बस्नुहुँदैन बरु अरु अरु सहकारी संस्थाहरूसँग मिल्न जानुपर्छ भन्ने कुरा पूर्णतया सत्य प्रमाणित भयो ।


यसरी किसानहरूमा अनुभव र समाजवादी चेतनाको विकासले उनीहरू आपसमा मिलेर स-साना अर्ध-समाजवादी सहकारी संस्थाहरू मिलेर ठुलठुला अगाडि बढेको सहकारी संस्थाहरू बनाउँदै लगे ।

समाजवादी सहकारी संस्थाहरूमा प्राथमिक सहकारी संस्थाहरूको भन्दा बढी पुँजी, श्रम शक्ति, साधन र आर्थिक स्रोतहरू हुने भएकोले उत्पादनमा वृद्धि हुँदै जनताको जीवनस्तर बढ्न थाल्यो । साधन, श्रम शक्ति, पुँजी आदिको उत्तरोत्तर वृद्धिले सहकारी संस्थाहरूले विस्तारै साना व्यापार, शिल्प व्यवसाय, यातायात, कुलो खन्ने आदि निर्माणका स्रोतहरूमा पनि हात हाल्न सके । विस्तारै ठुलठुला आकारमा उत्पादन गर्ने अभ्यास बढेर ठुलठुलो सहकारीमै जनकम्युनको कोपिला फुलेको थियो ।

प्राथमिक सहकारी संस्थाभन्दा समाजवादी सहकारी संस्थाको अर्को विशेषता थियो - शोषणको काममा लागेका पहिलेका जमिनदार र धनी किसानहरूलाई सहकारी संस्थाको स्थापनाको सुरु सुरुमा सदस्य बनाइएन ।

सहकारी संस्थाको विकास र उत्पादनको वृद्धिले किसानहरूको आम्दानी बढेर मध्यम र गरिब किसानहरूको बिचको अन्तर घट्दै गयो । जमिनदार र धनी किसानहरूलाई सहकारी संस्थामा सदस्य नबनाउँदा उनीहरूको आम्दानी सहकारी संस्थामा भाग लिएका किसानहरूको तुलनामा बढेन । एकातिर सहकारी संस्थामा भाग लिएका साधारण किसानहरूको आम्दानी तीव्रगतिले बढिरहेको थियो, अर्कोतिर पहिलेको जमिनदार र धनी किसानहरूको आम्दानी उनीहरूको अनुपातमा बढ्न नसक्दा विस्तारै वर्गभेद हट्दै जान लागेको थियो ।

यसकारण, समाजवादी गणतन्त्र चीनको ३० जून १९५६ को पहिलो प्रतिनिधिसभाको तेस्रो सेसन (बैठक) मा स्वीकार गरिएको अगाडि बढेको सहकारी संस्थाको नियममा के बताइएको थियो भने खेती सहकारी नै एउटा स्पष्ट बाटो हो, जसले कामदार किसानहरूलाई अन्तिममा गरिबी र शोषणबाट मुक्त गर्नेछ । किसानहरू विस्तार विस्तार सहकारी संस्थाहरूमा




सम्मिलित भएर गाउँतिर समाजवादको पूर्ण विजय हुनेछ ।

## दोस्रो अध्याय

**जनकम्युन किन र कसरी ?**

चिनियाँ जनकम्युनलाई चिनियाँ भाषामा ‘रेन-मिन कुंशो’ भनिन्छ । ‘रेन मिन’ को अर्थ मानिसहरू र ‘कुंशो’ को अर्थ ‘ज्यासल’ भन्ने हुन्छ । कम्युन उद्योग र खेतीको मिश्रित सङ्गठन हो । चिनियाँ जनकम्युन चिनियाँ समाजवादी समाजको सबभन्दा तल्लो सङ्गठन हो जसमा खेती (किसान), उद्योग (मजदुर), शिक्षा र संस्कृति ( विद्यार्थी), व्यापार र मिलिशियाका (जन सेना) आदि सबै क्षेत्र सम्मिलित छन् । जनकम्युन सहर र गाउँको एकै उत्पादनको सङ्गठनको साथै प्रशासनको एक अङ्ग पनि हो । चिनियाँ जनकम्युनको एक आफ्नै विशेषता छ, त्यो हो- जनकम्युन यो एक तल्लो सामाजिक सङ्गठन हुनुको साथै राज्य-शासनको एक तल्लो अङ्ग पनि ।

तर, कम्युन शब्दको अर्थ धेरै अर्थमा प्रयोग भएको देखिन्छ - जस्तै समुदाय, जाति, सोभियत रुसको सहकारी खेती, ‘पेरिस कम्युन’ आदि । तर, चिनियाँ जनकम्युन भने माथि अर्थ लगाइएका कुनै अर्थसँग पनि मेल खाँदैन, यसको आफ्नै विशेषता छ । त्यसैले अमेरिकी पत्रकार र लेखिका अन्ना लाउस स्ट्रङले आफ्नो किताब ’चिनियाँ जनकम्युनको उत्थान’ मा स्पष्टै भन्नुहुन्छ, “चिनियाँ जनकम्युन अरु जम्मै कम्युनहरूसँग फरक छ । त्यसैले चिनियाँ जनकम्युनलाई चीनको आफ्नै तथ्यहरूको आधारमा बताउनुपर्छ, पहिलेका जानकारीहरूको आधारमा होइन ।”

चीनमा जनकम्युनको स्थापनाको आन्दोलन सन् १९५८ को मध्यदेखि नै सुरु भएको थियो । त्यस आन्दोलनको लहरले चीनको सारा भू-भाग (एक दुई अल्पसङ्ख्यक जातिहरूको इलाका छोडेर) मा मात्र कम्युनको स्थापना भएन बरु त्यसले संसारको कुना काप्चामा पनि हल्लीखल्ली मच्चायो । संरा अमेरिका, बेलायत र फ्रान्सजस्ता चीनविरोधी साम्राज्यवादी देशहरू र तिनीहरूको ‘हो’ मा ‘हो’ मिलाउने पुँजीवादी देशहरूले चिनियाँ जनकम्युनको उल्टो अर्थ लगाएर चिनियाँ जनता, चिनियाँ जनवादी सरकार र चिनियाँ कम्युनिस्ट पार्टीलाई अन्तर्राष्ट्रिय क्षेत्रमा साह्रै बदनाम गर्न खोजेका थिए । तर, एक दुई तटस्थ भनाउँदा देशहरूले पनि जनकम्युनको अर्थै नबुझेर पनि साम्राज्यवादीहरूको दलाल देशहरूले जस्तै चिनियाँ जनकम्युनलाई ‘व्यारेक’ को संज्ञा दिन पुगे । वास्तवमा चिनियाँ जनकम्युन एउटा यस्तो सङ्गठन हो, जसको विकासले चिनियाँ समाजमा सहर र गाउँ, मजदुर र किसान, शारीरिक र बौद्धिक श्रमको बिचको भेदलाई हटाएर चिनियाँ समाजमा ‘हरेकलाई कामअनुसारको’ समाजवादी सिद्धान्तबाट ‘हरेकलाई आवश्यकताअनुसार’ को साम्यवादी समाजको निर्माणमा लैजाने एउटा माध्यम बनाएको थियो । त्यसैले भारतका प्रसिद्ध लेखक र विद्वान् राहुल सांकृत्यायन भन्नुहुन्छ, “जनकम्युन साम्यवादको लागि एक गहिरो र लामो पाइला हो ।” त्यसैले जनकम्युनले खेतीको चौतर्फी विकास जस्तै खेती, पशुपालन, वन-उद्योग, माछा पाल्ने र अरु कुटीर व्यवसायमात्र होइन, उद्योग, व्यापार, शिक्षा र संस्कृति अनि भित्री र बाहिरी शत्रुहरूबाट देशको रक्षा गर्न सैनिक कार्यकलापको पनि तीव्रतर विकास गर्ने एउटा सजिलो माध्यम बन्यो ।

चिनियाँ समाजमा जनकम्युनको स्थापना चिनियाँ समाजको क्रमिक विकासको परिणाम हो । तर, केही पुँजीवादी देशहरूका नेता र लेखकहरू चीनमा चिनियाँ जनकम्युनको स्थापना चिनियाँ समाजको क्रमिक विकासलाई अस्वीकार गर्थे । तिनीहरू चिनियाँ जनकम्युनलाई चिनियाँ समाजको आन्तरिक विकासलाई नमानेर चीनमा जनकम्युनको स्थापना चिनियाँ कम्युनिस्ट सरकारको किसानहरूमाथिको दमनको फल हो भन्दथे । तर, फेरि आफूलाई कम्युनिस्ट भन्नेहरू (युगोस्लाभियाका केही नेताहरू र अरु देशका संशोधनवादीहरू) पनि साम्राज्यवादीहरूको राग अलाप्दै चिनियाँ जनकम्युनको स्थापना एक आकस्मिक घटना मान्थे । यसरी अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा पनि जनकम्युनको विरोध गर्ने र मार्क्सवादलाई पुरानो घोषणा गर्ने संशोधनवादीहरू घुमाउरो तरिकाले चिनियाँ कम्युनिस्ट पार्टीप्रति घृणा फैलाएर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा फुट ल्याउने र कमजोर बनाउन खोज्थे ।

वास्तवमा चिनियाँ जनकम्युनको स्थापना कम्युनिस्टहरूको दमनले होइन, न त कुनै आकस्मिक घटना नै थियो । त्यो त चिनियाँ समाजको आन्तरिक विकासको साथै चिनियाँ जनताको जनकम्युनको स्थापना गर्ने पूर्ण स्वेच्छाले स्थापना भएको थियो ।

सन् १९५७ र १९५८ को बिचमा चीनमा व्यापक सुद्धीकरण आन्दोलन सुरु गरियो । त्यस आन्दोलनमा देशले समाजवादको बाटो लाग्ने हो अथवा पुँजीवादी बाटो लाग्ने हो भन्ने कुरोमा चीनको कुनाकाप्चामा छलफल सुरु गराइएको थियो । पुँजीवादीहरू, पहिलेका जमिनदारहरू र च्याङ काईशेकका बाँकी रहेका प्रतिक्रियावादी तत्त्वहरूबाहेक अरु सारा जनताले समाजवादको बाटो रोजेका थिए । तर, समाजवादको निर्माण गर्न चीनमा पुरानै ढाँचाबाट सम्भव थिएन बरु त्यसलाई फेर्नु आवश्यक थियो । समाजवादको सफलताको लागि चीनको आकाशमा ‘लामो पाइला’ (Big Leap Forward) को नारा गाउँगाउँमा गुञ्जिन थाल्यो । त्यसबेला चीनको खेती उत्पादन सहकारी संस्थाको तीव्र विकास हुँदै थियो । तर, पनि पुँजी, श्रम शक्ति, साधन र प्राकृतिक स्रोतको कमी भएको सहकारीले मात्रै चीनमा समाजवादको निर्माण गर्न सम्भव थिएन । समाजवादको निर्माणको लागि ‘लामो पाइला’ को नारालाई राम्रोसँग कार्य रूपमा ल्याउन खेती सहकारी संस्थाहरूले अझ ठुलो र राम्रो ढङ्गले ( उच्च स्वभावको सङ्गठनमा) सङ्गठित हुनु आवश्यक देखियो । चीनको गाउँ-गाउँमा समाजवादको निर्माणको लागि खेतीलाई यान्त्रीकरण र विद्युतीकरण गर्नुको साथै उद्योग, यातायात, शिक्षा र संस्कृतिको पनि तीव्र विकासको अत्यन्त जरुरी थियो । त्यसलाई खेती सहकारीले मात्रै पूरा गर्न सक्ने सम्भावना थिएन । व्हाङ्हो, याङसी र सिक्याङजस्ता ठुलठुला नदीहरूको बाढीलाई रोक्न र सुख्खा जस्तो प्राकृतिक प्रकोपहरूसँग जुझ्न तथा काबुमा ल्याउन ठुलठुला पानीको योजना (

**समाजवादी सहकारी संस्थाहरूमा प्राथमिक सहकारी संस्थाहरूको भन्दा बढी पुँजी, श्रम शक्ति, साधन र आर्थिक स्रोतहरू हुने भएकोले उत्पादनमा वृद्धि हुँदै जनताको जीवनस्तर बढ्न थाल्यो । साधन, श्रम शक्ति, पुँजी आदिको उत्तरोत्तर वृद्धिले सहकारी संस्थाहरूले विस्तारै साना व्यापार, शिल्प व्यवसाय, यातायात, कुलो खन्ने आदि निर्माणका स्रोतहरूमा पनि हात हाल्न सके । विस्तारै ठुलठुला आकारमा उत्पादन गर्ने अभ्यास बढेर ठुलठुलो सहकारीमै जनकम्युनको कोपिला फुलेको थियो ।**

पोखरी खन्ने, नहर आदि बनाउने) लाई कम श्रमशक्ति, कम पुँजी र थोरै साधनहरू भएको खेती सहकारी संस्थाहरूले मात्रै सम्भव थिएन । त्यसैले सचेत चिनियाँ किसानहरू देशका सम्पूर्ण गाउँहरूमा समाजवादको निर्माणको लागि कम्युनिस्ट पार्टी र सरकारको मद्दत र निर्देशनमा धेरै खेती उत्पादन सहकारी संस्थाहरूलाई मिलाएर एउटा ठुलो र राम्रो ढङ्गको (उच्च स्तरको) सहकारी संस्था निर्माण गर्न चाहन्थे । त्यसैलाई कम्युन भनियो । ‘लामो पाइला’ र समाजवादको झन्डा लिएर तिनीहरू अगाडि बढे ।

चिनियाँ जनकम्युनको स्थापनाबारे चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको सातौँ अधिवेशनको विस्तारित बैठकको पुस्तिकामा उल्लेख गरिएको छ, चिनियाँ जनकम्युनको स्थापना कुनै आकस्मिक घटना होइन, बरु चिनियाँ जनताको आर्थिक र राजनैतिक चेतनाको विकास, चिनियाँ कम्युनिस्ट पार्टीद्वारा चलाइएको सुद्धीकरण आन्दोलन, पार्टीको निर्णयअनुसार समाजवादको निर्माण र सन् १९५८ को समाजवादी निर्माणको लागि लगाइएको ‘लामो पाइला’ को फल हो ।

जनकम्युनका विरोधीहरूलाई जनताले तथ्य तथ्याङ्कबाट जवाफ दिएका थिए अर्थात् सन् १९५८ को केही महिनाभित्र मात्र सुरु भएको जनकम्युनको लोकप्रियताले दियो । जनकम्युनको स्थापनाको सुरुका केही महिनामा नै ७,४०,००० (सात लाख चालीस हजार) खेती उत्पादक सहकारीहरू मिलेर २६,००० (छब्बीस हजार) जनकम्युनको स्थापना गरे । यसरी कम्युनको स्थापना स्थानीय किसानहरूको पूर्ण स्वेच्छा र स्वतन्त्रतापूर्वक भएको थियो । त्यसमा बाह्र करोड घर वा परिवार सम्मिलित थिए । जनसङ्ख्याको हिसाबले त्यो सङ्ख्या चीनका सबै जातिहरूको ९९ प्रतिशतभन्दा बढी थियो ।

# वार्ता असफल भएपछि भारतीय किसानद्वारा दिल्लीमा पुनः आन्दोलन सुरु




पटियाला (भारत), २१ फेब्रुअरी (एएफपी) । बालीको उच्च मागमा सरकारसँग सम्झौता गर्न असफल भएपछि ट्र्याक्टरमा सवार हजारौँ किसान बुधबार नयाँदिल्लीतर्फ जानका लागि फेरि तयार भएका छन् ।

विरोध प्रदर्शनले राजधानीमा राजमार्गहरूको वर्षभरिको घेराबन्दीलाई सफलतापूर्वक दोहोऱ्याउने आशा गरिएको छ । उक्त विरोध प्रदर्शनले प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारमाथि सन् २०२१ मा आफ्नो कृषि सुधार योजनाहरूलाई त्याग्न दबाब दिएको थियो ।

प्रहरीले गत सातादेखि नै शम्भूको सानो गाउँनजिकै उनीहरूको गन्तव्यको उत्तरमा धेरै घण्टाको दूरीमा कृषि मेसिनरीमा किसानहरूको एक माइल लामो स्तम्भलाई रोकेर राखेको छ । प्रदर्शनकारीहरूले अश्रु ग्यासको ब्यारेजहरू प्रयोग गरेर उनीहरूलाई तितरबितर गर्ने प्रयासलाई विफल बनाएका छन् र उनीहरूको प्रगति रोक्नका लागि धातु स्पाइकहरू र कङ्क्रिट बेरिकेड्सको डरलाग्दो नाकाबन्दी पार गर्ने वाचा गरेका छन् ।

४५ वर्षीय किसान जगमोहन सिंहले एएफपीलाई भन्नुभयो, “हामी अवरोधहरू तोड्नेछौँ भन्ने तपाईँलाई आश्वासन दिन्छौँ । एकपटक हामीले यो अवरोधलाई तोडेपछि दिल्लीमा मात्र रोकिनेछौँ ।”

किसान युनियनहरूले चामल, गहुँलगायत प्रमुख खाद्यान्नका लागि पहिलेदेखि नै रहेको सरकारी योजनालाई विस्तार गर्दै सबै बालीमाथि न्यूनतम मूल्य निर्धारण गर्नका लागि कानुन बनाउन माग गरिरहेका छन् । उनीहरूले ६० वर्ष वा त्योभन्दा बढी उमेरका किसानका लागि ऋण मिनाहा र विश्वव्यापी पेन्सनसहित अन्य छुटको पनि माग गरेका छन् ।

सरकारका मन्त्रीहरू र युनियनहरूबिच वार्ताको परिणामको प्रतीक्षा गर्नका लागि प्रदर्शनकारीहरूले गत साता दिल्लीमा आफ्नो जुलुसलाई अस्थायीरूपमा रोकेका थिए । यद्यपि, धेरै चरणको वार्ता कुनै नतिजामा पुग्न असफल भएको छ ।

फार्म लियर जगजीत सिंह दल्लेवालले सोमबार राति प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई) लाई केही तर सबै बालीका लागि मूल्यको ग्यारेन्टी विस्तार गर्ने पछिल्लो सरकारी प्रस्ताव ‘किसानको हितमा नभएको’ बताउनुभयो ।

भारतको एक अर्ब ४० करोड जनसङ्ख्यामा दुईतिहाइ मानिस कृषिबाट आफ्नो जीविका चलाउँछन् । यो मुलुकको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) को करिब पाँच भागको एक भाग हो । यद्यपि, पछिल्ला केही दशकदेखि कृषि आम्दानी धेरै हदसम्म स्थिर बनेको छ र यो क्षेत्रलाई लगानी र आधुनिकीकरणको नितान्त आवश्यकता छ ।

गरिबी, ऋण र जलवायु परिवर्तनले लगातार खराब मौसमी अवस्थाबाट प्रभावित बालीका कारण प्रत्येक वर्ष हजारौँ भारतीय किसानले आत्महत्या गर्छन् । आफ्नो विशाल सङ्ख्याका कारण किसानहरूको राजनीतिक प्रभाव छ र अप्रिलमा सुरु हुने राष्ट्रिय निर्वाचनअघि नयाँ सिराबाट विरोध प्रदर्शन हुँदैछ ।

सन् २०२० नोभेम्बरमा कृषि सुधार कानुनविरुद्धको अभियानमा हजारौँ किसानले एक वर्षभन्दा लामो समयसम्म दिल्लको सडकलाई घेरेका थिए । किसानको विरोधका कारण मोदी सरकार पछि हट्नुपर्यो र उसले एक वर्षपछि कानुनलाई निलम्बन गर्नुपर्यो ।

# अन्तरिक्षमा आणविक हतियार राख्ने रुसको कुनै मनसाय छैन- पुटिन



मस्को, २१ फेब्रुअरी (एपी) । रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले अन्तरिक्षमा आणविक हतियार राख्ने मस्कोको कुनै मनसाय नरहेको मङ्गलबार घोषणा गर्नुभएको छ । उहाँले अमेरिका समान रुसले अन्तरिक्ष क्षमता विकसित गरेको दाबी गर्नुभयो ।

रुसले ‘चिन्तित तुल्याउने’ उपग्रहविरोधी हतियार क्षमता हासिल गरेको ह्वाइट हाउसको गत साताको पुष्टिपछि पुटिनको उक्त भनाइ आएको हो । यद्यपि, अहिलेसम्म यस्तो प्रकारको कुनै पनि हतियार सञ्चालनमा छैन ।

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले यो अन्तर्राष्ट्रिय बाह्य अन्तरिक्ष सन्धिको उल्लङ्घन हुने बताउनुभयो । यद्यपि, उहाँले हतियार आणविक-सक्षम हो कि होइन भन्नेबारे टिप्पणी गर्न अस्वीकार गर्नुभयो ।

रुससहित एक सय ३० भन्दा बढी देशले हस्ताक्षर गरेको सन्धिले अन्तरिक्ष कक्षमा ‘आणविक हतियार वा कुनै पनि अन्य प्रकारका सामूहिक विनाशका हतियार’ तैनाथ गर्न वा ‘कुनै अन्य तरिकाले बाहिरी अन्तरिक्षमा हतियार राख्न’ निषेध गर्दछ । ह्वाइट हाउसले चिन्ताहरूबारे रुसीहरूसँग सिधै कुराकानी गर्ने बताएको छ ।

पुटिनले भन्नुभयो, “हाम्रो स्थिति बिल्कुल स्पष्ट र पारदर्शी छ : हामी सधैँ अन्तरिक्षमा आणविक हतियारको तैनाथीको स्पष्टरूपमा विरोध गर्दै आएका छौँ र गरिरहने छौँ । यसको ठिक विपरीत, हामी सबैसँग यस क्षेत्रमा अवस्थित सबै सम्झौतालाई पालना गर्न आग्रह गरिरहेका छौँ ।”

आफ्ना रक्षामन्त्री सर्गेई शोइगुसँगको एक बैठकका क्रममा पुटिनले भन्नुभयो, “रुसले त्यही मात्र अन्तरिक्ष क्षमता विकसित गरेको छ जुन अमेरिकासहित अन्य मुलुकसँग छ र उनीहरूलाई यो थाहा छ ।”

शोइगुले भन्नुभयो, “हामीले उपग्रहहरूविरुद्ध प्रयोग गर्न वा यस्तो क्षेत्र बनाउनका लागि उपग्रहले कुशलतापूर्वक काम गर्न नसक्ने गरी अन्तरिक्षमा कुनै आणविक हतियार वा त्यसको कुनै पनि तत्त्वलाई तैनाथ गरेका छैनौँ ।”

रक्षामन्त्री शोइगुले ह्वाइट हाउसमाथि युक्रेनलाई सहायताका लागि समर्थन गर्न काङ्ग्रेसलाई बाध्य बनाउन र रुसले युक्रेनलाई लिएर अमेरिकासँगको तनावका बिचमा स्थगित गरेको आणविक हतियार नियन्त्रण वार्तामा पुनः सामेल हुन मस्कोलाई प्रोत्साहित गर्नका लागि गरेको हुनुपर्ने आरोप लगाउनुभएको छ ।

राष्ट्रपति पुटिनले अमेरिकासँग सम्भावित सम्पर्कहरूलाई अस्वीकार गर्नुभएन । तर, युक्रेनमा रुसको पराजयका लागि वासिङ्टनको दबाबले आफूहरूलाई असम्भव बनाएको आफ्नो धारणालाई पुष्टि गर्नुभयो । उहाँले भन्नुभयो, “अमेरिका र पश्चिमले एउटा कुराका लागि रुसको रणनीतिक पराजयको आह्वान गरिरहेका छन् भने दोस्रोतर्फ चिजहरू जोडिएका छैनन् भन्ने बहाना गर्दै उनीहरू रणनीतिक स्थिरतामा कुराकानी गर्न चाहन्छन् । यसले काम गर्दैन ।”

# युरोपको ग्यास माग १० वर्षको न्यूनमा

पेरिस, २१ फेब्रुअरी (एएफपी) । युक्रेनमा रुसले आक्रमण गरेपछि युरोपले आफ्नो ग्यासको मागमा २० प्रतिशतले कटौती गरेको र नवीकरणीय ऊर्जा तथा दक्षता वृद्धिका कारण तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) को माग आगामी वर्ष उच्च हुने बुधबार प्रकाशित एक अध्ययनमा उल्लेख छ ।

सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा गरेको आक्रमणले युरोपेली मुलुकहरूले पाइपलाइनमार्फत वितरित रुसी प्राकृतिक ग्यासबाट ठूलो परिवर्तन ल्याए । यसमा उनीहरूले सीमित आपूर्तिका लागि अन्तर्राष्ट्रिय बजारहरूमा प्रतिस्पर्धा गर्दा एलएनजीको मूल्य बढ्यो ।

सीमित सङ्ख्यामा आयात टर्मिनलहरूका साथ युरोपेली मुलुकहरू उपभोगलाई नियन्त्रण गर्नका लागि उपायहरू लिन बाध्य भए । तर, उनीहरूले आवासीय हिटिङ वा बिजुली उत्पादनमा कटौती नगरी सन् २०२२-२०२३ को जाडोमा यसबाट पार पाए ।

रुसी आक्रमण सुरु भएदेखि नै मुख्यरूपमा जर्मनी, इटाली र बेलायतले चलाएको युरोपेली ग्यासको मागमा २० प्रतिशतले कमी आएको इन्स्टिच्युट फर इनर्जी इकोनमिक्स एन्ड फाइनान्सियल एनालिसिस (आइइइएफए) ले बताएको छ । यसले ऊर्जा दक्षता तथा माग व्यवस्थापन उपायहरू, मागमा उच्च मूल्यको प्रभावका साथै हल्का जाडोको तापक्रममा गिरावटलाई कम गरिदियो ।

“युरोपले ऊर्जा सङ्कटलाई सफलतापूर्वक पार गरेको छ र ग्यासको उपयोगमा अङ्कुश लगाउन स्वयंलाई तयार गरेको छ, यसको श्रेय दक्षता उपायहरू र नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोगलाई जान्छ,” आइइइएफएले भनेको छ ।

सौर्य र वायुको थप परिचालन, घरेलु हिटिङका लागि ग्यास बोयलरबाट हिट पम्पमा स्विच र अतिरिक्त दक्षता उपायहरूको अर्थ सन् २०२५ मा एलएनजीको माग उच्च हुनेछ ।

ऊर्जा बजार र नीतिहरूसँग सम्बन्धित मुद्दाको अध्ययन गर्ने अन्तर्राष्ट्रिय समूहले सन् २०२३ मा आयात स्थिर रहेको र आगामी वर्ष माग उच्च हुने सम्भावना भए पनि एलएनजी टर्मिनल निर्माणको हतार जारी रहेको बताएको छ ।

सन् २०२२ फेब्रुअरीमा आठ टर्मिनल सञ्चालनको तुलनामा सन् २०३० सम्म १३ वटा टर्मिनल सञ्चालन हुने अपेक्षा गरिएको छ । आइइइएफएले दशकको अन्त्यसम्ममा आयात क्षमता एलएनजी मागभन्दा तीन गुणा हुने जोखिममा रहेको बताएको छ ।

आइइइएफएले रुसी एलएनजीले रुसी ग्यासको एक हिस्सालाई प्रतिस्थापन गरेको बताएको छ । रुसी एलएनजीलाई युरोपले पाइपलाइनमार्फत आयात गरिरहेको थियो । सन् २०२१ र सन् २०२३ को बिचमा रुसी एलएनजी आयातमा ११ प्रतिशतले वृद्धि भएको छ । यद्यपि अमेरिकाले एलएनजी आयातमा प्रभुत्व जमाएको छ । यसबाट नयाँ निर्भरता सिर्जना हुने खतरा छ ।

“एउटा स्रोतमा धेरै निर्भर गरेर ऊर्जा आपूर्तिको सुरक्षालाई जोखिममा पार्ने खतराहरू अनुभव गरिसकेपछि युरोपले आफ्ना विगतका गल्तीहरूबाट पाठ सिक्नुपर्छ र गत वर्ष आफ्नो एलएनजी आयातको करिब आधा लाभ हासिल गरेको अमेरिकामा अधिक निर्भर हुनबाट जोगिनुपर्छ,” आइइइएफएका प्रमुख युरोप विश्लेषक मारिया जाल्लर-मकारेभिचले भन्नुभयो ।

# इरान र श्रीलङ्काका विदेशमन्त्रीद्वारा द्विपक्षीय सम्बन्ध प्रवर्द्धन गर्ने इच्छा व्यक्त

तेहरान, २१ फेब्रुअरी (सिन्ह्वा) । इरानका विदेशमन्त्री होसेन अमिर-अब्दुल्लाहियान र उहाँका श्रीलङ्काली समकक्षी अली साबरीले मङ्गलबार विभिन्न क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई थप विस्तार गर्ने इच्छा व्यक्त गर्नुभएको छ ।

इरानको विदेश मन्त्रालयको वेबसाइटमा प्रकाशित विज्ञप्तिअनुसार श्रीलङ्काको राजधानी कोलम्बोमा भएको एक बैठकमा दुवै पक्षले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दामा विचार आदानप्रदान गर्नुभयो ।

विदेशमन्त्री अमिर-अब्दुल्लाहियानले आफ्नो श्रीलङ्का भ्रमणले राजनीति, अर्थतन्त्र, व्यापार, पर्यटन, विज्ञान र प्रविधिलगायत सबै क्षेत्रमा सम्बन्धहरूलाई थप विस्तारका लागि आधार तयार पार्ने अपेक्षा गर्नुभयो ।

उहाँले संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय सङ्गठनका सभाहरूमा प्यालेस्टिनी जनता र गाजाको समर्थन गर्ने श्रीलङ्काको स्थितिको प्रशंसा गर्नुभयो ।

श्रीलङ्काली विदेशमन्त्री साबरीले दुई मुलुकबिच असल सम्बन्ध, साझा आधार र मूल्यमान्यता रहेकामा जोड दिनुभयो । उहाँले आफ्नो मुलुकले आर्थिक वृद्धिको अनुभव गरिरहेको बताउँदै श्रीलङ्काको नयाँ आर्थिक युगका क्रममा दुवै मुलुकबिचको सम्बन्ध थप विकसित हुने अपेक्षा गर्नुभयो ।

मन्त्री साबरीले इरानको आर्थिक तथा औद्योगिक क्षमताहरूको प्रशंसा गर्दै आफ्नो मुलुकमा इरानको आर्थिक परियोजनाहरू कार्यान्वयनका लागि श्रीलङ्काको तत्परता व्यक्त गर्नुभयो ।

अमिर-अब्दुल्लाहियान सोमबार राति कोलम्बो पुग्नुभएको हो । उहाँले मङ्गलबार श्रीलङ्काका प्रधानमन्त्री दिनेश गुणवर्धने र राष्ट्रपति रनिल विक्रमसिङ्घेसँग भेट गर्नुहुनेछ ।

# तापक्रम घटेपछि चीनमा उच्च मौसमी चेतावनी जारी

पेइचिङ, २१ फेब्रुअरी (एएफपी) । चीनको दक्षिणी भागमा तापक्रम घटेपछि र पेइचिङमा हिउँ परेपछि बुधबार गम्भीर मौसमी चेतावनी दिइएको छ ।

अधिकारीहरूले मुलुकको त्रिस्तरीय प्रणालीमा सबैभन्दा उच्च रहेको अरेन्ज चेतावनी जारी गरेका छन् । यसले दक्षिणमा औसत तापक्रम शुक्रबार ६ देखि १२ डिग्री सेल्सियससम्म घट्न सक्ने चेतावनी दिएको छ । राष्ट्रिय मौसम विज्ञान केन्द्र (एनएमसी) ले केही क्षेत्रमा तापक्रम २० डिग्री सेल्सियसभन्दा धेरैले घट्नसक्ने सामाजिक सञ्जालमा बताएको छ ।

सरकारी समाचार समिति सिन्ह्वाले एनएमसीले स्थानीय सरकारहरूसँग चिसो मौसमप्रति सावधानी अपनाउन आह्वान गरेको, जनतालाई न्यानोमा बस्न सल्लाह दिएको र बाली र जलीय उत्पादनको सुरक्षाका लागि आवश्यक उपाय गर्न आग्रह गरेको बताएको छ ।

बुधबार तापक्रम शून्यको नजिक रहेको पेइचिङमा रातभर हिमपात भएको छ । मानिसहरूले बिहान उठ्दा राजधानी सेतो रङले ढाकिएको देखेका थिए ।

सहरका राजमार्गहरूमा यातायात सुस्त भएको छ भने यात्री र साइकल चालकका लागि हिउँले भरिएका फुटपाथ जोखिमपूर्ण भएका छन् । नगरपालिकाका अधिकारीहरूले केही उपनगरीय क्षेत्रमा चार दशमलव एक सेन्टिमिटरसम्म हिमपात भएको बताएका छन् । उनीहरूले हिउँ परेका सडकहरूमा चेतावनी जारी गरेका छन् ।

“आफ्नो भ्रमण कम गर्नुहोस्, सार्वजनिक बस र सबवेको प्रयोग गर्नुहोस् र आफ्ना कारहरूलाई बिस्तारै चलाउनुहोस्, सुरक्षामा ध्यान दिनुहोस्,” सहर सरकारले मङ्गलबार साँझ अनलाइन विज्ञप्तिमा बासिन्दाहरूलाई सिफारिस गर्दै भनेको छ ।

# संरक्षणको पर्खाइमा अभिलेखहरू



✍ श्रीकृष्ण महर्जन

### अभिलेखको परिचय

अभिलेख भनेको कुनै वस्तुमा कलमले वा कुनै वस्तुले कोरेर हातबाटै लेखिएको लेखन हो । नेपालमा छापा अक्षरबाट कुनै वस्तुमा छापेर निकाल्नुभन्दा पहिला लेखिराखेको ताम्रपत्र, शिलापत्र, पितलमा लेखिएको, ढुङ्गामा लेखिएको, कागजमा लेखिएको थ्या:सफु आदि भेटिन्छ । कागजमा लेखिएको विशेष गरेर बौद्ध बिहारहरूमा (बाहाबही) विभिन्न प्रकारले पाठ गर्न राखेको हुन्छ । कतिपय यस्ता पुस्तकहरू नष्ट पनि भयो होला, कति बाँकी होला । आजभन्दा सयौँ हजारौँ वर्ष पहिलेका प्रविधिअनुसार बनाइएका ती लिखितहरू अहिलेसम्म संरक्षण भएर रहन सक्नु त्यसबेलाको थ्या:सफुमा प्रयोग भएका कागजहरूलाई पनि अध्ययन गर्नु आवश्यक हुन्छ । त्यसबेला धेरै मेहनत गरेर ढुङ्गाको पत्रमा ज्यावलले कोरेर लेखिएका शिलापत्र र तामापत्रहरू नेपालको मठमन्दिर, पाटी पौवा, मन्दिर र ढुङ्गेधाराहरूमा पाइन्छ । ती सबै नेपालीहरूको अमूल्य सम्पत्ति हो, हाम्रो पुर्खाको पौरख हो । हाम्रो देशको इतिहास त्यसैमा पाउँछ । यी ढुङ्गाका अभिलेखहरू हाम्रो पुस्ताले हामीलाई हस्तान्तरण र पुस्तान्तरण गरेको छ । इतिहास बोकेका यी अभिलेखहरू हाम्रो बहुमूल्य सम्पत्ति हो । यस्ता अभिलेखहरू नेपालका विभिन्न ठाउँहरूमा यत्रतत्र छरिएर रहेको पाउँछौँ ।

### अभिलेखको इतिहास

अभिलेख विशेष गरेर हातबाट लेखिएको हुन्छ, कुनै छापाखानाबाट छापिएको हुँदैन । नेपालको सन्दर्भमा यत्रतत्र छरिएर रहेका शिलापत्रहरू नेपालको इतिहास होभन्दा फरक नपर्ला । साधारणतया त्यसबेलाका पुराना कुराहरूको सँगालो नमेटिने गरी संरक्षण गरेको एक प्रकारको लिखित प्रमाण अभिलेख हो । नेपालमा भेटिएको अभिलेखहरूमा लुम्बिनीको ने.सं. २४९ को अशोक स्तम्भ र ने.सं. २५५ को निग्लिहवाको स्तम्भ नै पहिलो अभिलेख होला र मान्नुपर्छ । त्यसभन्दा पहिलेको लिखत अभिलेख भेटाएको छैन । तर, निग्लिहवाको शिला स्तम्भ लडिरहेको अवस्थामा छ । हुन त राज्यसत्ता आफ्नो हातमा लिन र आफ्नो आधिपत्य कायम गर्न अनेक षड्यन्त्रहरू नचलेको होइन । यसमा धार्मिक, राजनैतिक तथा जातीय वा अन्य कारणले आफ्नो नाम चलाउन पुर्खाका नामहरू मेटाइएका उदाहरण पनि छन् । हालसालकै कुरा गर्दा पाटन दरबार अगाडि ढल खन्दा जमिनमुनि लिच्छविकालको इतिहास बोकेको शिलापत्र भेटियो । साँच्चिकै नेपालको पुरातात्त्विक महत्त्व भएको अभिलेखहरूको खोजी गर्न जमिनमा उत्खनन गरेमा के के भेटिन्छ होला विचारणीय नै छ ।

इतिहासमा गौतम बुद्धभन्दा पहिला पनि थरीथरीका बुद्धहरू थिए । अहिलेसम्म पनि ती बुद्धहरूलाई सबैले स्वीकारेकै छन् । बौद्ध धर्म अनुयायीहरूको ग्रन्थहरूमा बुद्ध मूर्ति अङ्कित थरीथरीका हस्तलिखित अभिलेखहरू होला । कतिपय ग्रन्थहरू निरङ्कुश राणा शासनमा उर्दी नै जारी गरेर पुराना ग्रन्थहरू सरकारलाई बुझाउने हुकुम भयो भनिन्छ । त्यसबेला नेपालका त्यस्ता अभिलेखहरू लाखौँलाख वाग्मती खोलामा बगाएको थाहा पाएर इस्ट इन्डिया कम्पनीले फाल्नुभन्दा हामीलाई दिनु भनेर लगेकोले कति भारतमा कति बेलायतको पुस्तकालयमा राखेको छ भन्थे । नेपालमा लिच्छवि शासनभन्दा अगाडि किरात वंश, अहिर वंश र गोपाल वंशहरूले शासन गरेको वंशावलीमा भेटिन्छ तर तथ्य प्रमाण भेटिएको छैन । वि.सं. १९९० को महाभूकम्पपछि योगी नरहरिनाथले तयार गरेको देवमाला वंशावलीका सबै कुराहरू सत्य नभए पनि यदाकदा कसै कसैले आफ्नो लिखतहरूमा लिच्छवी शासनभन्दा पहिलेका वंशहरूको व्याख्या गरेको पाउन सकिन्छ ।

नेपालमा अभिलेखहरूको अध्ययनको कुरा गर्दा सरकारी तवरले अभिलेखहरूको संरक्षण गरेको बिरलै पाउँछ । बरु यस्ता अभिलेखहरू हराओस् या फुटाओस् मतलब गरेको छैन । हालसाल मात्रको कुरा हो प्रहरी बलको परिसर हनुमानढोकाकै अभिलेख फुटाएको छ । फुटाउने को हो थाहा छैन । राज्य सत्ताले झाराटार्ने काममात्र गरेछ, पत्ता लगाउने काम गरेन । त्यसले आशङ्का जन्माएको छ ।

### अभिलेख अध्ययनको थालनी

पहिले विदेशीहरूले सम्बोधन गरेपछि मात्र नेपालीको चेट खोलेको देखिन्छ र विदेशीले जे भन्यो त्यसको पछि पछि लागेर विश्वास गर्ने बानी परेको छ । नेपालको अभिलेखको अध्ययन गर्ने सम्बन्धमा सन् १७८४ मा एसियाटिक सोसाइटी अफ बङ्गाल, वि.सं. १९३७ मा भारतीय विद्वान् पं भगवानलाल इन्द्रजी र वि.सं. १९४३ मा शिशिल बिन्डालंहरूले शिलापत्रहरूको अभिलेख प्रकाशित गरेपछि बल्लतल्ल अभिलेखहरूको अध्ययन सुरु भएको देखिन्छ । तर, नेपालको सरकारले आफ्नै बलबुट्टामा अभिलेखहरू अध्ययन गरेको देखिँदैन ।

वि.सं. २०३८ सालतिर हरिराम जोशीले सम्पादन गरेको १७५ वटा अभिलेख भएको नेपाल प्राचीन अभिलेख प्रकाशित भयो । २०३० सालमा १९० वटा अभिलेख भएको धनबज्र बज्राचार्यको लिच्छवी अभिलेख र २०५६ सालमा मध्यकालको अभिलेख प्रकाशित भयो । यी अभिलेखहरू नेपाल र एसियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालयले प्रकाशन गरेको हो ।

नेपालको शिलापत्र विशेष गरेर ढुङ्गे अभिलेखहरू हजारौँ वर्षसम्म टिकाउ हुने प्रकारले कुँडिएर सबै जनमानसले देख्न सक्ने गरी बाहिर नै राखेको पाइन्छ । आजभन्दा हजारौँ वर्ष पहिले त्यस्तो प्रविधि विकास गरेर हाम्रो पुर्खाले हामीलाई हस्तान्तर गरेको थियो, पुस्तान्तरण गरेको थियो । त्यसको ज्वलन्त उदाहरण अहिले पनि हाम्रोसामु ठाउँठाउँमा विशाल खम्बाजस्तै उभिएर बसेको छ । धनबज्र बज्राचार्यको लिच्छवि शासनकालको अभिलेख र मध्यकालका अभिलेखहरू हाम्रोसामु छ । त्यसपछि त्यस्तो अभिलेख त्यति प्रकाशन भएको देखिएन । न सरकारले संरक्षण नै गरेको छ ।

### अभिलेखको महत्त्व

अभिलेखले इतिहास बोकेको हुन्छ, इतिहास लुकेको हुन्छ, इतिहास उजागर गरेको हुन्छ । प्राय: अभिलेखहरू राजा महाराजाहरूको वीरता, साहसी, बहादुरीता अङ्कित गरेको पाउँछौँ । राजा महाराजाहरूको जयजयकारको वर्णन गरिएको हुन्छ । सामन्त राजाहरू शत्रुहरूको शिर निहुराएको आदि बखान गरे पनि त्यसबेलाको राज्य व्यवस्थाको इतिहास पाइन्छ । त्यसबेलाको न्याय व्यवस्था पाइन्छ । त्यसबेलाको शासन पद्धति पाइन्छ । त्यसबेलाका ठाउँहरूको नाम उल्लेख पाइन्छ । नेपालका आदिवासीहरूको वर्णन तथा त्यसबेलाको स्थानीय नामहरू पाइन्छ । घर घर गएर कर उठाउने गरेको भेटिन्छ । कतिपय ठाउँमा कर मिनाहा गरेको पाइन्छ । अहिले जस्तो धनीहरूलाई कर मिनाहा गरेर गरिबहरूलाई च्याप्ने गरेको थिएन । सबैलाई समान तरहले कर लिने गर्थ्यो, त्यहाँ धनी र गरिबको भेदभाव थिएन । अहिलेजस्तो गरिब जनताले कर तिर्न पनि घुस दिनुपर्दैनथ्यो ।

ती अभिलेखहरूमा हाम्रो संस्कार, धर्म, संस्कृति पाइन्छ । जनतालाई कसरी सुविधा दिइएको छ, कसरी दिन सकिन्छ भन्ने कुरा उल्लेख पाइन्छ । यसले गर्दा हामीलाई यस स्थानसम्म पुग्ने मार्गदर्शन मिलेको छ । यही नेपालको पहिचान हो । यही हाम्रो पुर्खाको पुरुषार्थ हो । यही पहिचानको आधारमा यहाँ विदेशी पर्यटकमात्र होइन स्वदेशी पर्यटक पनि आकर्षण हुन्छ । तर, पुर्खादेखि चल्दै आएको संरचनाहरू नष्ट हुँदै गए । सुधार गर्ने नाममा नेपालका ती इतिहास बोकेका अभिलेखहरू छ्यालब्याल भए । कति ठाउँमा बेवारिसे बने । कति ठाउँमा पुरानो नामै परिवर्तन गरेर नयाँ नाम राखे । पुरानोलाई नष्ट गरेर नयाँ नाम दिएर जानेर वा नजानेर इतिहास मेटाउन खोजिँदै छ । सरकारी कार्यालयहरूमा संरक्षण भएका अभिलेखहरू दराजभित्र थन्किए । क्षणिक लोभलालचले पुर्खाले बनाएका संरचनाहरू व्यक्तिको नाममा सारेर कतिले खाए । कतिले पाटी नै मिचेर घर बनाए, कतिले खुला चौर मिचेर घर बनाए । कतिले सरकारकै सहयोगमा पोखरी नै मासेर घर निर्माण गरे । त्यसलाई तिनीहरू आफ्नो बहादुरी ठान्थे । हाम्रा पुर्खाले जनजीवन सहज बनाउन छोडिराखेका खुला चौर, चोक र पोखरीहरू कति मिचेर खाए । सरकार पनि चौर तथा पोखरीहरू कुनै न कुनै बहनामा मास्नतिरै लाग्यो । यी ऐतिहासिक महत्त्वका धरोहरहरूको संरक्षण र संवर्द्धन गर्नु प्रत्येक नेपालीहरूको कर्तव्य हो ।

### अभिलेखको अवस्था

अहिलेको अभिलेखहरू हेर्दा कहीँ टुटेको, कहीँ फुटेको र कहीँ पूजा गरी टीका लगाएर अक्षर खिएर पढ्न नहुने गरी बिग्रेको स्थिति छ । कहीँ बेवारिसे अवस्थामा यत्रतत्र छ । यी अभिलेखहरू हाम्रा पुर्खाले हाम्रो लागि गाउँ ठाउँमा, सहरबजारमा, मठ मन्दिरमा, ढुङ्गेधाराहरूमा हस्तान्तर र पुस्तान्तर गरेको छ । प्राय: अभिलेखहरू स्थानीय जनमानसले संरक्षण गरेर जोगाएको पनि छ । त्यसबेलाको अभिलेखहरूमा सामाजिक रीतिरिवाज, समाजमा बस्न गर्नुपर्ने दायित्व, कर्तव्य, मठ मन्दिरहरू बिगारे भत्काए पाप लाग्ने, संरक्षण गरे पुण्य लाग्ने, सरकारलाई तिर्नुपर्ने करहरू आदि बोध हुने तरिकाले उल्लेख गरिएको छ । यसले गर्दा समाजलाई सुमार्गमा पछ्याउन सजिलो बनाएको छ । आफ्नो पौरखले सिर्जिएका यी अभिलेखहरू हाम्रो धरोहर हो ।

हामीले आफ्ना पुर्खाहरू बिर्सँदै छौँ । हाम्रो गुठीका सदस्यहरूको तीन पुस्ता पहिलेसम्मको नाम सङ्कलन गर्ने शिलशिलामा एक जना सदस्यसँग सोध्दा आफ्नो बुबाको नामसमेत थाहा भएन । आफूलाई यो संसार देखाउने समाज चिनाउने बाबुआमालाई नै नचिन्ने समाज कसले बनायो ? हामीले कस्तो समाज निर्माण गर्‍यौँ ? यो एउटा प्रतिनिधि पात्रमात्र हो । हाम्रो पहिलाको सभ्य समाज यसरी अगाडि बढेमा हामी रहौँला नरहौँला ठेगान छैन । कदाचित रहे पनि जङ्गली समाजमा परिणत हुनेछ । त्यस्तै, हाम्रा पुर्खाले बनाएर राखेको हाम्रा हजारौँ वर्ष पहिलेका स्थान र नाम हाम्रो धरोहर हो । ती नाम नरहे हाम्रो इतिहास रहँदैन । इतिहास नरहे हामी बेवारिसे बन्ने पक्का छ । आफ्नै देशमा हामी विदेशी बन्ने छौँ । हजारौँ पहिलेको हाम्रो सभ्यता र संस्कृतिले भरिएको नेपालका यी धरोहरहरू मासेर आफ्नो नाक ठुलो हुँदैन । बरु त्यसलाई संरक्षण गरेर त्यसबाट सिकेर अहिलेको सुहाउँदो प्रविधि विकास गर्ने हो । त्यसैमा नेपालीको भलो हुनेछ । पुर्खाले सिर्जिएका यी धरोहरहरू बेचेर गए वा नासेर गए हाम्रा पछिल्ला सन्तानहरूले के भन्लान् ?


उदाहरणको लागि यी अभिलेख नमुनाको रूपमा राखिएको छ । यस्तो अभिलेखहरूको खोजी गरेमा देशभित्र कति होला कति । यसलाई संरक्षण गर्ने कसले ? अरु बनाउने त कुरै छाडौँ, पुर्खाले पुस्तान्तर गरेका यी धरोहरहरू पनि बचाउन नसकेका हामीजस्तो नालायक को होला ? नालायक भएर नै बस्ने हो कि त्यसलाई जोगाउन प्रयत्न गर्ने ? केन्द्र सरकार, प्रदेश सरकार स्थानीय तहले सोच्ने हो कि ?

चारघरे, क्वयना गणेशमा भएको र तेस्टुङका अभिलेखहरू पढ्न सकेको छैन । चारघरेको अभिलेखको व्याख्या डी. आर. रेग्मी र श्यामसुन्दर राजवंशीले गर्नुभएको छ । अरु अभिलेखहरू टुटेको छ, फुटेको छ । त्यस्तै निग्लिहवाको नेसं २५५ को अभिलेखको स्तम्भ भाँचिएको अवस्थामा जमिनमा लडिएको छ । समयमा संरक्षण गर्न सकेको भए सायद यसरी लडिँदैन होला भन्ने अनुमान गर्न सकिन्छ । सरकारले संरक्षण गरेकै छैन भन्दा फरक नपर्ला ।

स्थानीय तहहरूको पनि आफ्नै सम्पत्ति हो । स्थानीय तह सक्रिय भएर लागे यी धरोहरहरूलाई जोगाउन सकिन्छ र जोगाउनु हाम्रो कर्तव्य पनि हो । कतिपय अभिलेखहरूलाई रक्षा गर्न स्थानीय जनताले पूजा गरिराखेका छन् । तर, नक्कली रङ्गको रसायनले अक्षर नै मेटाइदिएका उदाहरणहरू पनि छन् । स्थानीय तहहरूले जनतालाई सचेत गर्न सके, त्यसको महत्त्वबारे बुझाउन सके यी धरोहरहरू बचाउन सकिन्छ । त्यसको लागि स्थानीय तहहरूले स्थानीय जनतालाई हाम्रो पुर्खाले रचेको धरोहरहरूलाई जोगाउन सचेत गर्न सके धेरै अभिलेखहरूको संरक्षणमा बल मिल्नेछ ।

### केन्द्र, प्रदेश र स्थानीय तहहरूको भूमिका

अहिलेको संविधानअनुसार नेपालमा केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहको सरकार छ । कसले के के काम गर्न पाउँछ के गर्न पाउँदैन त्यो एक ठाउँमा छ । यी तिनै तहको सरकारले संरक्षण गरेको भए अति राम्रो हुनेमा शङ्का छैन । तर, भएको देखिँदैन । अहिले स्थानीय तहहरूलाई निश्चित केही अधिकारहरू दिइएको छ । उसले चाहेमा समाजको लागि केही गर्ने अधिकार दिइएको छ । गाविस होस् या नगर आफ्नो गाउँ ठाउँको संरक्षण गर्नु उसको कर्तव्य हो । स्थानीय सरकार केन्द्र वा प्रदेशको मुख ताकेरै बस्नुपर्छ भन्ने छैन । ठाउँ ठाउँका स्थानीय तहहरूमा भएका अभिलेखहरू संरक्षण गर्नु नराम्रो पक्कै होइन । यस्ता अभिलेखहरू संरक्षण गर्न सके, त्यसको प्रचार प्रसार गर्न सके हाम्रो पुर्खाले सुम्पेको धरोहर संरक्षण हुन्छ भन्ने भनाइ हो । यसैलाई मध्यनजर गर्दै ललितपुर महानगरपालिकाले ललितपुरभित्र रहेका अभिलेखहरू संरक्षण गर्ने प्रयास गरेको छ । यो एउटा राम्रो थालनी हो । त्यस्तै तरिकाले देशभरका अरु नगरपालिका र गाउँपालिकाले पनि संरक्षण गर्न सके पुर्खाले सृजना गरेका धरोहरहरू संरक्षण गर्न मद्दत मिल्नेछ । नेपालका ती स्थानहरू अवलोकन गर्न विदेशी पर्यटकहरूमात्र होइन स्वदेशी पर्यटकहरूको पनि ओइरो लाग्नेछ । यसले गर्दा स्थानीय जनताको व्यवसाय वृद्धि हुनेछ । आफ्नो गाउँ ठाउँको प्रचारप्रसार सँगै आम्दानी बढ्दै विकासको बाटोमा लम्किन मद्दत मिल्नेछ ।





चारघरेमा भएको लिच्छवीकालको अभिलेख ५१५ को अनुमान गरेको,निग्लिहवाको ने.सं.२५५ को अभिलेख





क्वयना गणेशमा भएको अभिलेख पूर्ण पढ्न नसकेको तेस्टुङ बज्रबाराहीको एउटा अभिलेख फुटेर पूर्ण पढ्न नसकेको



**शासकहरूको...**

समिति संयोजक डा. रत्नसुन्दर लासिवाले विश्वमा नयाँ नयाँ रोगहरू आइरहेको र यसको मुख्य कारण हिजोआजको खानपान भइरहेको परिवर्तनले हो भन्नुभयो । समयमै रोगको निदानको लागि प्रयास गरेमा सम्भावित समस्याको समयमै निराकरण हुने कुरामा चनाखो हुनुपर्ने विचार उहाँले राख्नुभयो । ख्वप अस्पतालमा विभिन्न विशेषज्ञ सेवाहरू दिइरहेको र थप्ने क्रममा रहेको जानकारी पनि उहाँले राख्नुभयो ।

सहिद राजकुमार सुवालका सुपुत्री एवं नर्स रचना सुवालले सरकारमा धेरै पार्टीहरू भए तापनि सहिदप्रतिको सम्मान सही अर्थमा हुन नसकेको विचार राख्नुभयो ।

पुस्तकालयका अध्यक्ष कृष्णप्रसाद सुवालले जनतालाई राणा शासनकालमा साक्षर बनाउन खोज्दा जनअपराध र कैद गर्ने गरेको धारणा राख्दै विचारलाई कुण्ठित बनाउन नहुने आवश्यकताबारे प्रकाश पार्नुभयो ।

प्रतिवेदनसहित वार्षिक कार्ययोजना प्रस्तुत गरिएको उक्त कार्यक्रममा पुस्तकालयका कार्य समिति सचिव रामप्रसाद कोजुले स्वागत, सदस्य शिवकृष्ण कोजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रमबाट जनपक्षीय सहित्यकार युवा कवि दामोदर सुवाललाई अतिथि प्रेम सुवालले दोसल्ला एवं सम्मानपत्रका साथ सम्मान गर्नुभएको थियो । पुस्तकालयका रविना सुवालले पनि बोल्नुभएको थियो । समारोहमा सांस्कृतिक कार्यक्रमहरू पनि देखाइएको थियो ।

# युरोपको ग्यास माग १० वर्षको न्यूनमा

पेरिस, २१ फेब्रुअरी (एएफपी) । युक्रेनमा रुसले आक्रमण गरेपछि युरोपले आफ्नो ग्यासको मागमा २० प्रतिशतले कटौती गरेको र नवीकरणीय ऊर्जा तथा दक्षता वृद्धिका कारण तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) को माग आगामी वर्ष उच्च हुने बुधबार प्रकाशित एक अध्ययनमा उल्लेख छ ।

सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा गरेको आक्रमणले युरोपेली मुलुकहरूले पाइपलाइनमार्फत वितरित रुसी प्राकृतिक ग्यासबाट ठुलो परिवर्तन ल्याए । यसमा उनीहरूले सीमित आपूर्तिको लागि अन्तर्राष्ट्रिय बजारहरूमा प्रतिस्पर्धा गर्दा एलएनजीको मूल्य बढ्यो ।

सीमित सङ्ख्यामा आयात टर्मिनलहरूका साथ युरोपेली मुलुकहरू उपभोगलाई नियन्त्रण गर्नका लागि उपायहरू लिन बाध्य भए तर उनीहरूले आवासीय हिटिङ वा बिजुली उत्पादनमा कटौती नगरी सन् २०२२-२०२३ को जाडोमा यसबाट पार पाए ।

रुसी आक्रमण सुरु भएदेखि नै मुख्यरूपमा जर्मनी, इटाली र बेलायतले चलाएको युरोपेली ग्यासको मागमा २० प्रतिशतले कमी आएको इन्स्टिच्युट फर इनर्जी इकोनमिक्स एन्ड फाइनान्सियल एनालिसिस (आइईईएफए) ले बताएको छ । यसले ऊर्जा दक्षता तथा माग व्यवस्थापन उपायहरू, मागमा उच्च मूल्यको प्रभावका साथै हल्का जाडोको तापक्रममा गिरावटलाई कम गरिदियो ।

"युरोपले ऊर्जा सङ्कटलाई सफलतापूर्वक पार गरेको छ । ग्यासको उपयोगमा अङ्कुश लगाउन स्वयंलाई तयार गरेको छ । यसको श्रेय दक्षता उपायहरू र नवीकरणीय ऊर्जा स्रोतहरूको प्रयोगलाई जान्छ", आइइइएफएले भनेको छ ।

सौर्य र वायुको थप परिचालन, घरेलु हिटिङका लागि ग्यास बोयलरबाट हिट पम्पमा स्विच र अतिरिक्त दक्षता उपायहरूको अर्थ सन् २०२५ मा एलएनजीको माग उच्च हुनेछ ।

ऊर्जा बजार र नीतिहरूसँग सम्बन्धित मुद्दाको अध्ययन गर्ने अन्तर्राष्ट्रिय समूहले सन् २०२३ मा आयात स्थिर रहेको र आगामी वर्ष माग उच्च हुने सम्भावना भए पनि एलएनजी टर्मिनल निर्माणको हतार जारी रहेको बताएको छ ।

सन् २०२२ फेब्रुअरीमा आठ टर्मिनल सञ्चालनको तुलनामा सन् २०३० सम्म १३ वटा टर्मिनल सञ्चालन हुने अपेक्षा गरिएको छ । आइईईएफएले दशकको अन्त्यसम्ममा आयात क्षमता एलएनजी मागभन्दा तीन गुणा हुने जोखिममा रहेको बताएको छ ।

**अन्तर्राष्ट्रिय...**

आउने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिँदै उहाँले पथप्रदर्शकहरूमा स्थानीय भाषासँगै विदेशी भाषामा दख्खल हुनुपर्ने बताउनुभयो ।

नेपालमा आन्तरिक पर्यटन विकासको अवधारणालाई अगाडि बढाइनुपर्नेमा जोड दिँदै सांसद सुवालले नेपालजस्तो विकासशील देशलाई आर्थिक समृद्धितर्फ लैजान आन्तरिक पर्यटनले उल्लेखनीय भूमिका खेल्नसक्ने धारणा राख्नुभयो ।

उहाँले भारतीय एकाधिकार पुँजी र भारतीय विस्तारवादी नीतिले नेपाललाई आर्थिकरूपले परनिर्भर बनाइरहेको बताउँदै नेपालले आत्मनिर्भरतातर्फ जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले नेपालमा चीनबाट बर्सेनि लाखौंको सङ्ख्यामा चिनियाँ पर्यटकहरू भित्रिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देशको अर्थतन्त्र मजबुत बनाउने माध्यमको रूपमा पर्यटन क्षेत्रलाई विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

पर्यटन क्षेत्रले नेपालको विकासमा महत्त्वपूर्ण भूमिका खेलिरहेको उल्लेख गर्दै पथप्रदर्शकहरूमा स्वअनुशासन र इमानदारिता अपरिहार्य भएको बताउनुभयो ।

नेपाल पर्यटनको प्रशस्त सम्भावना भएको देश हो, पर्यटकको लागि सुरक्षा, स्वस्थकर खाना र गुणस्तरीय सेवा प्रदान गरे पर्यटकको बसाइँ लम्ब्याउन सकिने विचार उहाँले राख्नुभयो ।

एसियालाई आर्थिक केन्द्र बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट आवश्यक भूमिका खेल्नुपर्ने बताउँदै प्रमुख प्रजापतिले देशको राज्य व्यवस्था र राजनीतिक व्यवस्था राम्रो भएमात्र देशमा शान्ति सुरक्षा कायम हुने र त्यहाँका जनताले सुख पाउने विचार राख्नुभयो ।

भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समितिका संयोजक गौतम लासिवाले पथप्रदर्शक दिवस मनाउनुको उद्देश्यमाथि प्रकाश पार्दै पथप्रदर्शकहरूले देशको भूगोल, इतिहास, सम्पदाबारे अध्ययन गरी पर्यटकहरूलाई सही सूचना उपलब्ध गराउनुपर्ने बताउनुभयो । देशको सार्वभौमिकता रक्षामा पनि पथप्रदर्शकको भूमिका महत्त्वपूर्ण रहेको उहाँले बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले पर्यटकहरूलाई सत्यतथ्य सूचना प्रवाह गर्नु पथप्रदर्शकहरूको कर्तव्य भएको चर्चा गर्दै नेपालको पर्यटन प्रवर्द्धनमा स्थानीय पथप्रदर्शकहरूको उल्लेखनीय भूमिका रहेको बताउनुभयो ।

पर्यटक प्रहरी नायब निरीक्षक दामोदर कुइकेल अन्य ठाउँहरूको तुलनामा भक्तपुरको पर्यटन र पथप्रदर्शकहरूको कार्य व्यवस्था उत्कृष्ट रहेको बताउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका रामसुन्दर भेलेले पनि बोल्नुभएको थियो ।

आज सम्मानित भएका पथप्रर्दशकहरूमा टीकाप्रसाद दाहाल, रामकेशरी भैल, सुजन छुजु, विकास खड्का, अजित थापा र कृष्णकुमार थापा रहनुभएको छ ।

# सल्यानमा नेक्रायुसङ्घ गठन

सल्यान, ९ फागुन । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवस (माघ १०) को अवसरमा नेपाल क्रान्तिकारी युवा सङ्घद्वारा सल्यानको कुपिन्डेदह नगरपालिकामा भेटघाट तथा नेमकिपा स्थापना, नेमकिपा र अन्य शासक पार्टीहरूबिचको भिन्नताबारे छलफल भयो ।

उक्त भेटघाटमा नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले संविधानमा समाजवादउन्मुख लेखिएको भए पनि शासक पार्टीहरूले संविधानको कार्यान्वयन नगरेको बताउनुभयो ।

यदि समाजवादको लक्ष्यअनुसार कार्यान्वयन गरेको भए विश्वविद्यालय तहसम्म नि:शुल्क र अनिवार्य शिक्षा, नि:शुल्क स्वास्थ्य र देशभित्रै रोजगारीको सुनिश्चितता हुने थियो, ८० लाख युवाहरू सस्तो ज्यामीको रूपमा खाडी मुलुकमा जान बाध्य हुनुपर्ने थिएन भन्नुभयो । उहाँले भागबन्डा गरी खाने, विदेशीहरूको गुलामी गर्ने, असमान सन्धि सम्झौता गर्ने शासकहरू गरिब काम गरिखाने वर्गको शत्रु भएकाले गरिब मजदुर किसानहरूको हितको लागि वैज्ञानिक समाजवाद स्थापनाको लागि कामदार जनता सचेत र सङ्गठित हुन आवश्यक छ भन्नुभयो ।

उक्त भेलाबाट प्रकाश नगालको संयोजकत्वमा ७ सदस्यीय नेपाल क्रान्तिकारी युवा सङ्घ सल्यान जिल्ला सम्पर्क समिति गठन भएको छ ।


## हार्दिक समवेदना



जन्म
२००२/०२/०१

निधन
२०८०/१०/२८

हाम्रा आत्मीय मित्र शिवराम लवजुका पूजनीय पिता **तुल्सीभक्त लवजु**को दु:खद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जी 9 समूह**

रत्न खायमली · रमेश गाईजु · राजेश झाङ्गजु
श्रीकृष्ण गाईजु · कृष्णराम कोजु · रविन ह्योम्बा

## हार्दिक श्रद्धाञ्जली



जन्म
२००२/०२/०१

निधन
२०८०/१०/२८

**तुल्सीभक्त लवजु**

यस समूहका सदस्य लक्ष्मीनारायण लवजुका पूजनीय पिता **तुल्सीभक्त लवजु**को दु:खद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**१८ गते समूह**

## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले,

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म
२००८/१२/०९

निधन
२०८०/११/०४

यस ग्रुपका हाम्रा अति मिलनसार मित्र गोपाल शिल्पकारका पूजनीय पिता **गणेशलाल शिल्पकार**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**शिक्षा निकेतन एस.एल.सी. ब्याच २०५४**

## हार्दिक श्रद्धाञ्जली



जन्म
२०३०/०८/०५

निधन
२०८०/१०/१२

यस संस्थाका सदस्य नं.६६३७ का सदस्य **कृष्णसुन्दर त्वाती**को दु:खद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा-९, फोन.नं. ०१-६६१४६८६

## हार्दिक श्रद्धाञ्जली



जन्म
२०२६/०१/०७

निधन
२०८०/०५/२४

यस संस्थाका सदस्य नं. २०० का सदस्य **बसन्तराज भुजेल**को दु:खद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा-९, फोन.नं. ०१-६६१४६८६


प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा